छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com
वर्ष २८ •अंक २ • २०८३ साल जेठ ८ गते शुक्रबार (22 May, Friday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।–

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

## जसपा नेपाल संसदीय दलको नेतामा यादव

**टुडे समाचारदाता**

जनकपुरधाम । तत्कालीन जनता समाजवादी पार्टी (जसपा) नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल बीच एकीकरण पछि एकीकृत भएको जसपा नेपालद्वारा मधेश प्रदेशमा संसदीय दलको नेता चयन गरिएको छ।



जसपा नेपाल मधेश प्रदेश संसदीय दलको नेतामा पूर्वमुख्यमन्त्री सरोज कुमार यादवलाई नै सर्वसम्मत चयन गरिएको जसपा नेपालले जनाएको छ।

जसपा नेपाल मधेश प्रदेश संसदीय दलका नेता चयनका लागि केही दिनदेखि निरन्तर रुपमा दुबै पक्षबीचका प्रदेशसभा सदस्यहरु बैठक बसेर सर्वसम्मतको प्रयासलाई निरन्तरता दिएका थिए। अन्ततः बुधबार र बिहीबार दुई दिनसम्म बसेको बैठकबाट बिहीबार पूर्वसभामुखसमेत रहेका नेता यादवलाई संसदीय दलको नेतामा चयन गरेको छ । मधेश प्रदेश सभा संसदीय दलको कार्यालयमा बसेको बैठकबाट संसदीय दलको नेतामा सरोजकुमार यादवलाई चयन गर्ने निर्णय गरिएको पूर्वअर्थमन्त्रीसमेत रहेका प्रदेश सभा सदस्य सञ्जय कुमार यादवले जानकारी दिए।

यस अघि संसदीय दलको नेताका लागि पूर्वमुख्यमन्त्री लालबाबु राउत र तत्कालीन लोसपा नेपालका प्रदेशसभा सदस्य जितेन्द्र सोनलले समेत सो पदका लागि दाबी गरेपछि बैठक लम्बिएको थियो। संसदीय दलको नेता यादवलाई सर्वसम्मत रुपमा चयन गरिएको भनिए पनि सोनल समूहका नेताले सामाजिक सञ्जालमा असन्तुष्टि पोख्ने क्रममा जसपा नेपाल मधेश प्रदेशका मुख्यसचिव राम विनोद चौधरीले दलको नेता चयन नगरिएको दाबी गरेका छन्।

उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'जसपा नेपाल मधेश प्रदेश संसदीय दल समायोजनका लागि आज बसेको बैठकले दलको नेतामा हालसम्म चयन हुन नसकेको जानकारी गराउन चाहन्छु।'

हुन त सोनल समूहका नेता चौधरीले सामाजिक सञ्जाल अन्तर्गतको फेसबुकमा लेखेर असन्तुष्टि पोखे पनि संसदीय दलको नेता पदका लागि दाबी गरेका पूर्वमुख्यमन्त्री सोनल र पूर्वमुख्यमन्त्री लालबाबु राउतले औपचारिक रुपमा नेता चयनका बारेमा कुनै पनि प्रतिक्रिया सार्वजनिक गरेका छैनन्।

तत्कालीन जसपा नेपालको १८ जना र लोसपा नेपालको ८ गरी मधेश प्रदेश सभामा कुल २६ जना प्रदेश सभा सदस्य रहेका छन्।

### मधेशमा सत्ता समीकरण

## आज विश्वासको मत, एमाले इन, जसपा नेपाल–जनमत आउट

**टुडे समाचारदाता**

जनकपुरधाम। मुख्यमन्त्री कृष्ण प्रसाद यादवले विश्वासको मतको पूर्वसन्ध्यामै मधेश प्रदेशमा राजनीतिक समीकरणमा फेरबदल गरेका छन्।

केन्द्रीय राजनीतिमा फेरबदलको संकेत देखिन थालिएपछि मधेश प्रदेशमा नेपाली कांग्रेस-नेकपा एमाले-नेपाली कम्युनिष्ट पार्टी(नेकपा) बीच वाम डेमोक्रेट गठनबन्धनको चर्चा चुलिएको थियो।

त्यसलगत्तै मुख्यमन्त्री यादवले विश्वासको मत शुक्रबार लिनु एक दिन अगावै मधेश प्रदेशमा तीन दलबीचको गठबन्धनको प्रभाव परेको देखिएको छ। यससँगै मधेश प्रदेशको राजनीतिमा हावी रहँदै आएको मधेश केन्द्रित दल जसपा नेपाल र जनमत पार्टीबाट बनेका मन्त्रीहरुलाई हटाइने संकेत मुख्यमन्त्री यादवले गरेका छन्। यद्यपि जसपा नेपालबारे अहिले नै मुख्यमन्त्री यादवले औपचारिक धारणा बनाइसकेका छैनन्। 'मुख्यमन्त्री यादवले जसपा नेपाललाई पनि मिलाएर लैजान चाहेका छन्', एकजना नेताले भने।

मधेश प्रदेशसभामा शुक्रबार मुख्यमन्त्री यादवले विश्वासको मत लिँदै छन्। यसअघि नै बिहीबार राति नेकपा एमालेलाई पनि सरकारमा सहभागी गराएको छ। एमालेबाट चारजनालाई मन्त्री बनाइने भनिए पनि बिहीबार राति मोहम्मद समिरलाई विना



विभागीय मन्त्रीको रुपमा प्रदेश सरकारमा सहभागी गराइएको छ।

नेकपा एमालेका मधेश प्रदेश संसदीय दलका नेतासमेत रहेका पूर्वमुख्यमन्त्री सरोजकुमार यादवले तत्काल मोहम्मद समिरलाई शपथ ग्रहण गराइने र अन्य तीन मन्त्रीलाई शुक्रबार साँझसम्ममा शपथ ग्रहण गराइने योजना रहेको जानकारी दिए। उनका अनुसार एमालेले चार वटा मन्त्रालय पाउने छ। उनले केन्द्रमा बनेको गठबन्धन अनुसार एमाले मधेश प्रदेश सरकारमा सहभागी भएको स्पष्ट पारे।

कांग्रेस-एमाले-नेकपाले मुख्यमन्त्रीमा कांग्रेसका कृष्णप्रसाद यादव नै निरन्तरता दिने यस अघि नै स्पष्ट गरिसकेका छन्।

जसपा नेपाल मधेश प्रदेशको संसदीय दलको बैठकबाट कृष्णप्रसाद यादव नेतृत्वको सरकारलाई नै विश्वासको मत दिने भन्दै ह्वीप नै जारी गरेको छ।

कृष्ण प्रसाद यादव नेतृत्वको सरकारलाई दिएको समर्थन जनमत पार्टीले फिर्ता लिएपछि उनलाई विश्वासको मत लिनुपर्ने अवस्था आएको छ।

जनमतले विश्वासको मत फिर्ता लिए पछि प्रदेश सरकारबाट जनमत पार्टीबाट बनेका अर्थमन्त्री महेशप्रसाद यादव र खेलकुद तथा समाजकल्याण मन्त्री वसन्तकुमार कुशवाहालाई मुख्यमन्त्री यादवले राजीनामा दिन निर्देशन दिए पछि दुबै मन्त्रीले राजीनामा बुझाएको बताइन्छ।

> जनमतले विश्वासको मत फिर्ता लिए पछि प्रदेश सरकारबाट जनमत पार्टीबाट बनेका अर्थमन्त्री महेशप्रसाद यादव र खेलकुद तथा समाजकल्याण मन्त्री वसन्तकुमार कुशवाहालाई मुख्यमन्त्री यादवले राजीनामा दिन निर्देशन दिए पछि दुबै मन्त्रीले राजीनामा बुझाएको बताइन्छ ।

प्रदेशसभामा जसपा नेपालका २६, नेकपा एमाले २४, नेपाली कांग्रेस २२, नेपाली कम्युनिष्ट पार्टी(नेकपा) १४ र पाँचौमा जनमत पार्टीको १२, राप्रपा र नेपाल संघीय समाजवादी पार्टीको १/१ जना प्रदेशसभा सदस्य रहेका छन्।

जसमध्ये कांग्रेस, एमाले र नेकपाका गरी ६० र जसपा नेपालले पनि वर्तमान सरकारलाई नै समर्थन गर्दै विश्वासको मत दिने छन्। यसरी जसपा नेपालको २६ जना गरी कुल ८६ जना प्रदेशसभा सदस्यले मुख्यमन्त्री यादवलाई विश्वासको मत दिने भएका छन्।

## पप्पु कन्ट्रक्सनका सञ्चालक रौनियारविरुद्ध पक्राउ पुर्जी जारी

**टुडे समाचारदाता**

वीरगञ्ज । समय अवधिमा विकास निर्माणको काम सम्पन्न नगरेको भन्दै पप्पु कन्ट्रक्सन प्रालिका संचालक सुमित रौनियारविरुद्ध पक्राउ पुर्जी जारी गरिएको छ।

विगो सम्बन्धी मुद्दामा दोषी ठहर भइ दुई वर्ष कैदको सजाय फैसला भइसकेको सञ्चालक रौनियारलाई पक्राउ गरी उपस्थित गराउन पर्सा जिल्ला अदालतले प्रहरीको नाममा पुर्जी जारी गरेको छ।

वीरगञ्ज महानगरपालिका- १४ का प्रमोद निर्माण सेवाका संचालक मनोज पटेलले दिएको विगो सम्बन्धी मुद्दामा दोषी ठहर भएका रौनियालाई पक्राउ गर्न पर्सा जिल्ला अदालतले वैशाख ३१ गते नै पक्राउ पुर्जी जारी गरेको थियो।

आदेश जारी भएको सात दिन वित्दा समेत सञ्चालक रौनियारलाई पर्सा प्रहरीले पक्राउ गर्न नसकेको प्रमोद निर्माण सेवाका संचालक पटेलले गुनासो गरे।



रौनियार राजीतिक तथा आर्थिक रुपमा पहुँच राख्ने व्यक्ति भएकाले कसैको दबाबमा पक्राउ नगरिएको हो कि भन्ने आशंका उनले व्यक्त गरेका छन्।

यता पर्सा प्रहरीका सूचना अधिकारीसमेत रहेका प्रहरी नायव उपरीक्षक हरि बहादुर बस्नेतले अदालतको आदेशलाई कार्यान्वयन गर्न आवश्यक प्रक्रियाहरु अघि बढाइएको छ।

रौनियारलाई पक्राउ गर्न जिल्ला प्रहरी कार्यालयले फैसला कार्यान्वयन टोलीलाई जिम्मा लगाइसकेको उनको भनाइ छ।

सघन सहरी विकास कार्यालय अन्तर्गत वीरगञ्ज महानगरपालिकामा सडक तथा नाला निर्माण गर्न स्वच्छन्द, पप्पु, युनाइटेड जे.भिले ठेक्का सकार गरेका थिए। उक्त सडक तथा नाला निर्माणका क्रममा प्रमोद निर्माण सेवासंग गिट्टी बालुवा लगायतका निर्माण सामग्री लिए पनि सोको भुक्तानी नगरेको विषयमा निर्माण सेवाका संचालक मनोज पटेल अदालतमा विगो सम्बन्धी मुद्दा दर्ता गराएका थिए। उक्त मुद्दाको सुनुवाइ गर्दै जिल्ला अदालतले २०८० कार्तिक २० गते नै रौनियारलाई १ करोड १५ लाख ६५ हजार रुपैयाँ भक्तानीका लागि आदेश दिएको थियो।

अदालतले विगो बराबरको रकम वादीलाई भुक्तानी नगरेमा रौनियारलाई २ वर्ष कैदको सजाय समेतको फैसला अदालतले गरेको पटेलको भनाइ छ।

जिल्ला अदालतको फैसलाविरुद्ध रौनियारले उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगञ्जमा पुनरावेदन गरे पनि सो पुनरावेदन खारेज गरिदिएको छ।







# कर प्रशासन पुनःसंरचना र भ्याट प्रणाली सुधार गर्न अर्थविद्को सुझाव



काठमाण्डु।प्रतिनिधिसभाअन्तर्गत अर्थ समितिको बैठकमा अर्थविद्हरूले कर प्रशासनको पुनःसंरचना, सार्वजनिक वित्त व्यवस्थापन सुधार तथा मूल्य अभिवृद्धि कर (भ्याट) प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका छन्।

बैठकमा बोल्दै अर्थविद् डा डिल्लीराज खनालले आर्थिक नीति र बजेटबीच स्पष्ट सम्बन्ध हुनुपर्ने बताउँदै आर्थिक पुनःसंरचनालाई प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गर्नुभयो। उहाँले विगतदेखि उठाइँदै आएका नीति सुधारका विषयहरूलाई बजेटका सिद्धान्त र प्राथमिकतासँग जोडेर लैजान आवश्यक रहेको उल्लेख गर्नुभयो।

अर्थविद् खनालले नेपालको सन्दर्भमा आर्थिक संरचनागत सुधार र सुशासनलाई सँगसँगै अघि बढाउनुपर्ने आवश्यकता रहेको बताउनुभयो। उहाँले अर्थतन्त्रका प्राथमिक क्षेत्र पहिचान गरी दीर्घकालीन पुनःसंरचनाको रणनीति तयार गर्नुपर्नेमा जोड दिनुभयो।

अर्का विज्ञ दीर्घराज मैनालीले कर प्रशासनको विद्यमान संरचनामा व्यापक सुधार आवश्यक रहेको बताउनुभयो। उहाँले विगत लामो समयदेखि कर प्रशासन प्रणालीमा संरचनागत समस्या रहेको उल्लेख गर्दै त्यसलाई व्यावसायिक र प्रभावकारी बनाउन पुनःगठन गर्नुपर्ने सुझाव दिनुभयो।

> उहाँले विगत लामो समयदेखि कर प्रशासन प्रणालीमा संरचनागत समस्या रहेको उल्लेख गर्दै त्यसलाई व्यावसायिक र प्रभावकारी बनाउन पुनःगठन गर्नुपर्ने सुझाव दिनुभयो ।

मैनालीले कर प्रशासन सञ्चालन गर्ने निकायलाई थप व्यावसायिक बनाउने उद्देश्यले संस्थागत पुनःसंरचना आवश्यक रहेको उल्लेख गर्नुभयो। उहाँले हाल केही सुधारका प्रयास भए पनि त्यसले अपेक्षित परिणाम दिन लामो समय लाग्ने भएकाले व्यापक संरचनागत सुधार आवश्यक रहेको धारणा राख्नुभयो।

अर्थविद् डा रुपक खड्काले मूल्य अभिवृद्धि कर (भ्याट) को प्रभावकारिता यसको संरचना र कार्यान्वयनमा निर्भर रहने बताउनुभयो। उहाँले भ्याट प्रणालीलाई सकेसम्म व्यापक आधारमा एउटै दरमा लागू गर्दा अर्थतन्त्रका लागि बढी लाभदायक हुने सुझाव दिनुभयो।

उहाँले न्यूजिल्याण्डको जिएसटी प्रणालीलाई उदाहरणका रूपमा प्रस्तुत गर्दै सीमित छुटसहित व्यापक कर दायरा भएको प्रणाली प्रभावकारी मानिएको उल्लेख गर्नुभयो। खड्काले नेपालमा सुरुआती चरणमा सीमित छुटको अवधारणा भए पनि पछिल्ला वर्षहरूमा छुटको दायरा अत्यधिक बढेको बताउनुभयो। उहाँले बहु दरभन्दा एकल दर प्रणाली सरल, पारदर्शी र प्रशासनिक रूपमा बढी प्रभावकारी हुने तर्क गर्नुभयो।

बैठकमा विज्ञहरूले सार्वजनिक वित्त नीति, कर प्रशासन तथा राजस्व प्रणालीलाई दीर्घकालीन रूपमा सुधार गर्दै आर्थिक व्यवस्थापनलाई थप सुदृढ बनाउनुपर्ने सुझाव दिएका थिए। रासस

# जनता मावि शिशुवारीले पायो सुविधासम्पन्न भवन




सिरहा। सप्तरीको सुरुङ्गा नगरपालिका–१ शिशुवारीस्थित जनता माध्यमिक विद्यालयले सुविधासम्पन्न विद्यालय भवन पाएको छ। नेपाल-भारत विकास सहकार्यअन्तर्गत उच्च प्रभाव सामुदायिक विकास परियोजना (एचआइसिडिपी) कार्यक्रममार्फत निर्माण गरिएको तीनतले विद्यालय भवनको बुधबार एक समारोहबीच उद्घाटन गरिएको छ।

भारतीय महावाणिज्य दूतावास वीरगन्जका महावाणिज्यदूत देवीसहाय मीना र सुरुङ्गा नगरपालिका प्रमुख गीता चौधरीले संयुक्त रूपमा नवनिर्मित भवनको उद्घाटन गर्नुभयो। जिल्लाको उत्तर-पश्चिमी सीमान्त गाउँमा कुल रु दुई करोड ८४ लाख ३२ हजार ३०१ लागतमा निर्माण सम्पन्न भएको उक्त १२ कोठे भवनका लागि भारत सरकारले रु दुई करोड २७ लाख ४५ हजार ८४१ अनुदान सहयोग उपलब्ध गराएको छ भने बाँकी रु ५६ लाख ८६ हजार ४६० सुरुङ्गा नगरपालिकाले व्यहोरेको हो।

उद्घाटन समारोहमा महावाणिज्यदूत मीनाले भवन निर्माण र हाल कार्यान्वयनमा रहेको परियोजना भारत-नेपालबीचको सुदृढ र जीवन्त विकास साझेदारीको उदाहरण भएको बताउनुभयो। उहाँले मधेस प्रदेशमा भारत सरकारको सहयोगमा शिक्षा, स्वास्थ्य, सडक, पुल, सिँचाइ तथा विद्युतीकरणलगायत क्षेत्रमा भइरहेका विकास निर्माणबारे जानकारी गराउनुभएको थियो।

महावाणिज्यदूत मीनाले भन्नुभयो, “भारत सरकारले हालसम्म मधेस प्रदेशमा मात्रै ८७ वटा परियोजना स्वीकृत गरेको छ, जसमध्ये ६२ वटा सम्पन्न भइसकेका छन् भने २५ वटा निर्माणाधीन छन्। यी ८७ परियोजनामध्ये ५४ वटा शिक्षा क्षेत्रसँग मात्र सम्बन्धित छन्, जसले शिक्षाप्रतिको हाम्रो प्रतिबद्धता देखाउँछ।”

सप्तरी जिल्लामा मात्रै नौ वटा परियोजना सञ्चालनमा रहेका र सात वटा सम्पन्न भइसकेका उहाँले जानकारी दिनुभयो। यस्तै, भारत सरकारले मधेस प्रदेशमा २३२ वटा एम्बुलेन्स तथा ४० वटा विद्यालय बस उपलब्ध गराएको उल्लेख गर्दै सप्तरी जिल्लामा मात्रै २६ वटा एम्बुलेन्स र ४० वटा विद्यालय बस प्रदान गरिएको त्यस अवसरमा जानकारी दिइयो।

महावाणिज्यदूत मीनाले ‘छिमेकी पहिले’ नीतिअन्तर्गत नेपालसँगको सहकार्य आगामी दिनमा पनि निरन्तर रहने प्रतिबद्धता व्यक्त गर्नुभयो।

कार्यक्रममा नगरप्रमुख चौधरीले विद्यालयको भौतिक पूर्वाधार विकासमा भारत सरकारले पुऱ्याएको सहयोगप्रति आभार व्यक्त गर्नुभयो। उहाँले नगरभित्रको शैक्षिक गुणस्तर सुधारका लागि नगरपालिका निरन्तर सक्रिय रहेको बताउँदै विद्यालयमा पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि थप सहयोग आवश्यक रहेको धारणा राख्नुभयो।

विद्यालय सञ्चालक समितिका अध्यक्ष एवं सुरुङ्गा नगरपालिका–१ का वडाध्यक्ष छत्रबहादुर राउतले सबै पक्षको सकारात्मक सहकार्य, समन्वय र सक्रियताका कारण विद्यालय भवन निर्माण सम्भव भएको बताउनुभयो। उहाँले भवन निर्माण निर्धारित समयभन्दा छ महिना अगावै सम्पन्न भएको जानकारी दिनुभयो।

विद्यालयका प्रधानाध्यापक दिनेशकुमार यादवका अनुसार हाल विद्यालयमा १२ कक्षासम्म हाल ६२७ जना विद्यार्थी अध्ययनरत छन्। उहाँले यस वर्षको एसइई परीक्षामा विद्यालयले सुरुङ्गा नगरभित्रका सामुदायिक विद्यालयमध्ये उत्कृष्ट नतिजा हासिल गरेको जानकारी दिनुभयो।

यस विद्यालयमा सप्तरी, सिरहा र उदयपुर गरी तीनवटै जिल्लाका ग्रामीण क्षेत्रका विद्यार्थी अध्ययनका लागि आउने गरेका छन्। नयाँ र सुरक्षित भवन निर्माणसँगै विद्यार्थीहरूका लागि अझ व्यवस्थित र गुणस्तरीय शैक्षिक वातावरण तयार हुने विश्वास गरिएको छ।

सोही विद्यालयको परिसरमा विद्यालयकै जग्गामा विगत एक दशकदेखि शिशुवारी क्याम्पससमेत सञ्चालनमा रहेको छ। ग्रामीण भेगका विपन्न तथा जेहेन्दार विद्यार्थी, खासगरी छोरी-बुहारीहरूका लागि यो क्याम्पस उच्च शिक्षा अध्ययन गर्ने भरपर्दो गन्तव्य बन्दै आएको क्याम्पस प्रमुख कृष्णप्रसाद तिम्सिनाले बताउनुभयो। रासस

## भारतीय गृहमन्त्री साहद्वारा ४० किलो चन्दन पशुपतिनाथमा अर्पण

काठमाण्डु। आराध्यदेव श्री पशुपतिनाथको मूर्तिमा श्रीयन्त्रको पूजा आराधना प्रयोजनका लागि भारतीय गृहमन्त्री अमित साहले ४० किलो चन्दन अर्पण गर्नुभएको छ। भारतीय गृहमन्त्रीले पठाउनुभएको चन्दन प्रतिनिधिसभा सदस्य सन्दीप रानाको संयोजनमा पशुपतिनाथका मूल अर्चक गणेश भट्टलाई हस्तान्तरण गरिएको हो।

भारतबाट पशुपतिनाथको शिरमा श्रीयन्त्र पूजा गर्न प्रत्येक वर्ष विशेष प्रकारको चन्दन अर्पण हुने गरेको छ। गतवर्ष गोआका मन्त्रीले पशुपतिनाथलाई ३५ किलो चन्दन अर्पण गर्नुभएको थियो।



पशुपतिनाथका मूल अर्चकले बुझ्नुभएको चन्दन आजै गुठी संस्थान पशुपति गोश्वारा कार्यालयका प्रमुख सुशीला शर्मालाई भण्डारणका लागि जिम्मा लगाउनुभएको छ। नेपाल र भारतका जनता जनताबीचको धार्मिक एवं सांस्कृतिक सम्बन्धका कारण भारतमा हुने विशेष प्रकारको चन्दन प्रत्येक वर्ष आराध्यदेव भगवान् श्री पशुपतिनाथलाई प्राप्त हुने गरेको छ। रासस

## लोकतन्त्रको संरक्षणमा सञ्चारकर्मी चनाखो हुनुपर्छ : अध्यक्ष शर्मा

मोरङ। नेपाल पत्रकार महासङ्घकी केन्द्रीय अध्यक्ष निर्मला शर्माले लोकतन्त्रको संरक्षणमा सञ्चारकर्मीहरु चनाखो हुनुपर्ने बताउनुभएको छ।

नेपाल पत्रकार महासङ्घ मोरङको वार्षिक साधारणसभाको सभाको अबिहीबार विराटनगरमा उद्घाटन गर्दै अध्यक्ष शर्माले लोकतन्त्र, प्रेस स्वतन्त्रताको संरक्षण तथा सवर्द्धनमा सरकार र सम्बन्धित निकायहरुल थप जिम्मेवारीपूर्वक काम गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले पत्रकारिता पेसालाई थप सम्मानजनक र दिगो बनाउन सबै सरोकारवाला मिलेर काम गर्नुपर्ने बताउनुभयो। उहाँले निजी क्षेत्रका पत्रपत्रिकाहरुलाई विज्ञापन वितरणमा हुने भेद्भाव अन्त्य गरी समान पहुँचको सुनिश्चित गर्न सरकार समक्ष माग राख्नुभयो।

अध्यक्ष शर्माले पत्रकारको आन्दोलन आगामी दिनमा थप सशक्त रुपमा अगाडि बढाउने जानकारी दिनुभयो। विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले सञ्चार क्षेत्र बलियो भएमा मात्र मुलुकमा भ्रष्टाचार अन्त्य भइ सुशासन कायम हुने विश्वास व्यक्त गर्नुभयो।

मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलले नागरिक समस्या समाधानमा कलम चलाउन सञ्चारकर्मीहरुसँग आग्रह गर्नुभयो। रासस

# सर्वोच्च अदालतको पूर्ण बैठकः पूर्वन्यायाधीश प्रधानको योगदानको स्मरण



काठमाण्डु। सर्वोच्च अदालतको आकस्मिक रूपमा बिहीबार बसेको पूर्ण बैठक (फूलकोर्ट)ले पूर्वन्यायाधीश हरगोविन्दसिंह प्रधानको योगदानको स्मरण गर्दै दिवङ्गत आत्माको चिरशान्तिको कामना गरेको छ।

प्रधानन्यायाधीशसहित न्यायाधीशहरूको आज बसेको पूर्ण बैठकले पूर्वन्यायाधीश प्रधानको निधनप्रति शोक व्यक्त गर्दै यस दुःखद् घडीमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै एक मिनेट मौन धारण गरी शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गरेको हो।

बैठकले यही जेठ ६ गते ९५ वर्षको उमेर निधन हुनुभएका पूर्वन्यायाधीश प्रधानन्यायालयमा हुँदा न्याय तथा कानुन क्षेत्रमा राष्ट्रलाई पुऱ्याउनुभएको योगदानको स्मरण गर्दै उच्च सम्मानका साथ स्मरण गरेको हो।

“स्वर्गीय प्रधान देवानी र फौजदारी कानुनका क्षेत्रमा विशेष दखखल राख्ने, लगनशील, मिलनसार, सहृदयी, मृदुभाषी एवं अनुभवी न्यायिक व्यक्तित्वका रूपमा स्थापित हुनुहुन्थ्यो”, बैठकपछि सहप्रवक्ता निराजन पाण्डेले जारी गर्नुभएको विज्ञप्तिमा भनिएको छ, “नेपालको न्यायिक र कानुनी इतिहासमा निष्पक्षता, बौद्धिकता र निष्ठाका पर्यायका रुपमा परिचित निधनबाट न्याय र कानुनका क्षेत्रमा अपूरणीय क्षति पुग्न गएको छ।

उहाँको निधनबाट राष्ट्रले एउटा सच्चा राष्ट्रप्रेमी र न्यायिक व्यक्तित्वलाई गुमाएको छ।”

स्वर्गीय प्रधानले विसं २०३२ भदौ २३ गते मध्यमाञ्चल क्षेत्रीय अदालतको अस्थायी न्यायाधीश पदमा नियुक्त हुनुभई विसं २०४८ भदौ १४ गते सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त हुनुभएको थियो। उहाँ २०५१ साल पुस ५ गतेसम्म कार्यरत हुनुहुन्थ्यो। रासस

# ट्रक र जिप ठोक्किदा आठ घाइते

टुडे समाचारदाता

मलंगवा। पूर्व पश्चिम राजमार्ग अन्तर्गत सर्लाहीको बागमती नगरपालिका-४, नगरपालिका चोकमा ट्रक र जिप ठोक्किदा आठ जना घाइते भएका छन्।

घाइतेको अवस्था खतरामुक्त रहेको इलाका प्रहरी कार्यालय हरिवनले जनाएको छ। बस्ने ५८ वर्षीय शिवशङ्कर हलुवाई, उहाँकी श्रीमती ५७ वर्षीया पुनमदेवी, छोरा ३४ वर्षीय सोनुप्रसाद, सोनुकी श्रीमती ३३ वर्षीया अञ्जलीदेवी, सोनुका छोरा नौ वर्षका कन्हैया र पाँच वर्षका किसन तथा शिवशङ्करका अर्का छोरा ३० वर्षीय मनोज हलुवाई घाइते हुनुभएको छ। दुर्घटनामा घाइते भएका चालकबाहेक अन्य सात जना एकै परिवारका सदस्य हुनुहुन्छ।



हरिवनबाट बागमतीतर्फ गइरहेको प्रदेश २-०३-००१ क १३७६ नम्बरको ट्रक र विपरीत दिशाबाट आउँदै गरेको डिएल ४ सि एनबी ६२०० नम्बरको भारतीय जिप ठोक्किँदा आठ जना घाइते भएका हुन्।

दुर्घटनामा जिप चालक कविलासी नगरपालिका-८ का ५७ वर्षीय जयपाल राय, ब्रह्मपुरी गाउँपालिका-४, त्रिभुवननगर

घाइतेको बागमती मोडेल अस्पताल कर्मैयामा उपचार भइरहेको छ। दुर्घटनामा परेका सवारीसाधन र ट्रक चालकलाई नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय हरिवनका प्रमुख एवम् प्रहरी निरीक्षक चन्द्रकान्त अधिकारीले जानकारी दिएका छन्।

# पर्साले जिते शहीद कप



टुडे समाचारदाता

जनकपुरधाम। पर्सा जिल्लाले जनकपुरधाममा सम्पन्न शहीद कप महिला टी-२० क्रिकेट प्रतियोगिताको उपाधि जित्न सफल भएको छ।

निन्तर वर्षाका कारण निर्धारित फाइनल खेल सञ्चालन हुन नसकेपछि टसको आधारमा पर्सा विजेता घोषित भएको हो। प्रतियोगितामा सिरहा जिल्ला उपविजेतामा सीमित बनेको छ।

रामजानकी बहुउद्देश्यीय रंगशालामा आयोजना गरिएको प्रतियोगिताको फाइनल खेलका लागि दुवै टोली मैदानमा उत्रिने तयारीमा रहे पनि मौसम प्रतिकूल बनेपछि खेल सम्भव हुन सकेन। त्यसपछि आयोजकले प्रतियोगिताको नियमअनुसार टसको माध्यमबाट विजेता टुंग्याएको जनाएको छ।

मधेश प्रदेशको खेलकुद तथा समाज कल्याण मन्त्रालयको आयोजना तथा नेपाल क्रिकेट संघको समन्वयमा सञ्चालन भएको प्रतियोगितामा मधेश प्रदेशका आठ जिल्लाका महिला क्रिकेट टोलीको सहभागिता रहेको थियो।

विजेता तथा उपविजेता टोलीलाई मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले शिल्ड, कप र प्रमाणपत्र प्रदान गरेका थिए। कार्यक्रममा बोल्दै उनले महिला खेलाडीहरूको क्रिकेटप्रतिको बढ्दो आकर्षण सकारात्मक संकेत भएको बताए।

उनले पछिल्ला वर्षहरूमा नेपाली क्रिकेटले उल्लेखनीय लोकप्रियता हासिल गरेको उल्लेख गर्दै महिलाहरूको सहभागिता अझ सशक्त बन्दै गएको धारणा राखे। जिल्ला क्रिकेट संघ धनुषाका अध्यक्ष शोभाकान्त पाण्डे ‘गुड्डु’ले प्रतियोगिताले महिला क्रिकेट खेलाडीलाई प्रोत्साहन मिलेको बताए।


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : आज नयाँ काम सुरु गर्ने उत्साह बढ्नेछ।
वृष : धैर्य गरे सफलता हात पर्ने दिन छ।
मिथुन : आज निर्णय गर्दा हतार नगर्नु राम्रो।
कर्कट : मनमा अलि चिन्ता बढ्न सक्छ। घरपरिवारको सहयोग मिल्नेछ।
सिंह : आत्मविश्वास बढ्ने दिन छ। व्यापारमा लाभ हुने संकेत छ।
कन्या : आर्थिक योजना सफल हुनेछ। नयाँ अवसर प्राप्त हुन सक्छ।
तुला : आज विवादबाट टाढा रहनु राम्रो। धैर्यले काम गर्नु उत्तम हुनेछ।
वृश्चिक : गोप्य योजना सफल हुन सक्छ। आर्थिक लाभ हुने सम्भावना छ।
धनु : शिक्षा र अध्ययनमा प्रगति हुनेछ। नयाँ योजना बनाउन अनुकूल दिन छ।
मकर : आज मेहनत अनुसार फल पाइनेछ। कार्यक्षेत्रमा उन्नति हुने संकेत छ।
कुम्भ: सृजनात्मक काममा सफलता मिल्नेछ। नयाँ सोचले फाइदा दिलाउनेछ।
मीन: धैय र संयम आवश्यक छ। आर्थिक लेनदेनमा सावधानी अपनाउनुहोस्।

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

### जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

### जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# बढघर हुनु त यस्तो पो ...

पकरियापुर । मध्याह्नको उखरमाउलो गर्मी । तातो हावा चलिरहेको छ । भजनी नगरपालिका-३ पकरियापुरका मानबहादुर चौधरीको अनुहार पटक्कै तातेको देखिँदैन ।

सार्वजनिक सुरक्षित आश्रयस्थलको खुला चौरमा भेटिनुभएका ४० वर्षीय चौधरी दोस्रो कार्यकालको बढघर(भलमन्सा)को नेतृत्व गरिरहनुभएको रहेछ । उहाँका अनुसार बढघर अन्तर्गत ६२६ घरधुरी छ । आश्रयस्थलमा राजनीतिक कार्यक्रम जारी रहँदा उहाँलाई सुन्न जान मन लागेनछ । किन जानुभएन ? उहाँले भन्नुभयो, “के पाउनु छ र ? भाषण सुन्न गएर । ताली बजाएर ? विपद् पर्दा भाषण गर्ने जोगाउन आउँदैनन् । आफैँले आफ्नाका सुरक्षा गर्नुपर्दछ ।”



उहाँ सोही समयमा नेपाल रेडक्रस सोसाइटी र भजनी नगरपालिकाको संयुक्त सहकार्यमा सञ्चालन भइरहेको विपद्का समयमा नसर्ने रोगसम्बन्धी अत्यावाश्यक हेरचाह ‘प्याकेज’को परीक्षण र कार्यन्वयन तयारीको लागि सञ्चालन भइरहेको कृत्रिम घटना अभ्यासमा जुटिरहनुभएको थियो । विपद्का अवस्थामा तत्काल अस्थायी आवास (सेल्टर) कसरी निर्माण गर्ने र समुदाय सहित नसर्ने रोग लागेका व्यक्तिहरूलाई कसरी सुरक्षित राख्न सकिन्छ भनेर पूर्वाभ्यास गरिहनुभएको थियो । बाँसका टेका लगाएर नेपाल रेडक्रस चिह्न अङ्कित तारपोलियन मिलाउँदै उहाँले भन्नुभयो, “बाढी र डुबान नआउने समयमा यस्ता अभ्यास गर्दा भोलिका दिनमा सजिलो हुने रहेछ ।” उहाँका अनुसार मुख्य गरेर यहाँका कन्द्रा, मोहना, काँढा, पथरैयासहित कर्णालीले डुबान र कटानको कहर नल्याएको वर्ष हुँदैन ।

बडघरका मानबहादुरकी श्रीमती ब्रेफानी चौधरी पनि समुदायमा विपद्को पूर्वसूचना ‘माइकिङ’ गर्न व्यस्त हुँदा भेटिएकी थिइन । ‘विपद्का सूचना र जानकारी कसरी समुदायमा पुर्‍याउने’ भनेर उहाँलाई भ्याइ नभ्याइ थियो । सूचना सम्प्रेषणका विधि र तरिका बारेमा उहाँले नेपाल रेडक्रस सोसाइटीद्वारा प्रदान गरेको तालिममा सिक्नुभएको थियो । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाद्वारा जारी मौसम पूर्वानुमान सूचना बढघरसम्म आइपुग्नासाथ उहाँ ‘माइक’ बाकेर घरबाट निस्कनुभएको थियो ।

उहाँले अफ्नो मातृभाषामा स्थानीयवासीलाई नदीमा पानीको उच्च बहाव बढ्दैछ, डुबान हुने सम्भावना छ सबै जना उच्च सतर्क रहनुहोला र अति सङ्कटासन्न व्यक्तिहरूले विशेष सतर्कता अप्नाउनु होला भन्दै सूचना प्रसार गराउनुभएको थियो । उहाँको पूर्वसूचना सन्देशमा नयाँ जानकारी थपिएको थियो । ब्रेफानीले दोहोर्‍याएर सम्प्रेषण गर्दै हुनुहुन्थ्यौँ “बाढीका समयमा नसर्ने रोग लागेका व्यक्ति तथा हेरचाह गर्ने व्यक्तिहरूले ध्यान दिनुहोला । यस्ता विरामीले नियमित सेवन गर्ने औषधिको सुनिश्चितता गर्नुहोला । जोहो गर्नुहोला ।” ‘माइकिङ’ गरेर नसुन्ने स्थानमा नगरपालिकाले बहुउपयोगी ‘साइरन’मार्फत समेत सूचना सम्प्रेषण गर्ने गरेको छ ।

‘माइकिङ’ सुनेर महिला स्वयंसेविका किरणा जैसी झटपट झोला बोकेर घरबाट निस्केकी थिइन । झोलामा नसर्ने रोग(रक्तचाप, मधुमेह, क्यान्सर, मुटु तथा रक्तनली तथा श्वासप्रश्वास)सहित झाडापखाला, ज्वरोका औषधिसहित केही प्राथमिक उपचार सामग्री पनि रहेका थिए । उहाँले भन्नुभयो, “विपदका अवस्थामा नसर्ने रोगको व्यक्तिको सेवा निरन्तरताका लागि चुनौती छ र यो कृत्रिम घटना अभ्यासले समुदाय तथा नसर्ने रोग लागेका व्यक्तिहरूको विपद् पूर्वतयारी तथा विपद्को पूर्वानुमानपश्चात् गरिने पूर्वकार्यको ज्ञान तथा सीपसमेत वृद्धि गर्नेछ । यसमा समुदायलाई अभ्यस्त बनाउन जरुरी छ ।”

यहाँ बडघरले समुदायलाई एकताबद्ध, सङ्गठित, अनुशासित र विकासका काममा परिचालन गर्ने काम गरिरहेको छ । बडघर थारू समुदायको मौलिक प्रथा पनि हो । बडघरले थारूको मौलिक सञ्चार प्रणालीअनुसार सूचना प्रवाह गर्ने गर्छन् । बडघरको जिम्मेवारीमा रहेका व्यक्तिले स्वयं प्रत्येक गाउँको घरधुरीमा पुगेर सूचना दिने काम गर्ने परम्परा रही आएको छ । सूचना प्रवाह गर्दा गाउँका सबै घरमा पुगेर लिखित वा मौखिक सूचना दिने काम गर्ने गर्छन् । बडघर मानबहादुरले भन्नुभयो, “बडघर आफैँ खट्नु बढी विश्वसनीय हुने भएकाले समय भएसम्म म आफैँ खट्ने गर्दछु । ”

**बाढी र डुबानसहित नसर्ने रोगको उच्च जोखिम**

भजनी नगरपालिकाका प्रमुख केबल चौधरीका अनुसार नगरपालिकाका नौवटै वडा बाढी र डुबानका उच्च जोखिममा पर्दछ । विगत तीन वर्षदेखि यहाँ बाढी र डुबानका कारण मानवीय क्षति नभए पनि डुबान, कटान सहित कृषिबाली क्षति हुनेक्रम रोकिएको छैन ।

उहाँले भन्नुभयो, “पछिल्ला वर्ष नसर्ने रोगको वृद्धिले नगरवासीहरू बाढीको समयमा अझ प्रभावित बन्न थालेका छन् । यहाँको नसर्ने रोग को ‘ग्राफ’ निरन्तर उकालोमा छ ।” उहाँका अनुसार पालिकाभित्र बाढी र डुबानको उच्च जोखिमबाट समुदायलाई जोगाउन एकसयभन्दा बढी उच्च घर बनाउन सहयोग तथा विस्थापित राख्न १८ उच्च घर बनाइएका छन् ।

गत माघ र फागुनमा नगरपालिकाले नगर क्षेत्रमा नसर्ने रोगसम्बन्धी ‘स्क्रिनिङ’ अभियान नै सञ्चालन गरेको थियो । नगरपालिका स्वास्थ्य शाखा प्रमुख कैलाशबहादुर डगौरा थारुका अनुसार प्राथमिक स्वास्थ्य केन्द्र भजनी, आधारभूत स्वास्थ्य केन्द्र पल्तुपुर, मन्त्रिफाँटा,

> “के पाउनु छ र ? भाषण सुन्न गएर । ताली बजाएर ? विपद् पर्दा भाषण गर्ने जोगाउन आउँदैनन् । आफैँले आफ्नाका सुरक्षा गर्नुपर्दछ ।”

धरौना, गोडचौरासहित लालाबोझी स्वास्थ्यचौकी, थापापुर स्वास्थ्यचौकी, सहरी स्वास्थ्य केन्द्र चर्रा र खैलाड स्वास्थ्यचौकीमा ३० वर्षमाथिका एकहजार एकसय ८० को परीक्षण गर्दा रक्तचाप २५५, मधुमेह ९५, मिर्गौला १६, मोटोपना २४४ जना भेटिएको थियो । उहाँले भन्नुभयो, “समुदायमा नसर्ने रोगको व्यक्तिको खोजपड्ताल गर्नेक्रम जारी छ । पहिचानका लागि यस्ता व्यक्तिलाई ‘कार्ड’ वितरण भइराखेको छ । यसबाट विपद्का समयमा नसर्ने रोग लागेका व्यक्तिहरूको उपचार सेवा निरन्तरताको लगि सहयोग पुग्ने छ । ”

भजनी नगरपालिकामा नोभो निर्डिस्क फाउन्डेसनको आर्थिक सहयोग तथा डेनिस रेडक्रस, क्यानडियन रेडक्रस तथा आरहुस विश्वविद्यालयको सहकार्यमा ‘रेजिलिएयन्स नसर्ने रोग उपचार’ परियोजना अप्रिल २०२४ देखि मे २०२६ सम्म सञ्चालनमा रहेको छ ।

सोही परियोजनाले भजनीमा विपद्का समयमा नसर्ने रोग लागेका व्यक्तिहरूको उपचार सेवा निरन्तरताको लगि विपद्को समयमा नसर्ने रोगसम्बन्धी अत्यावाश्यक हेरचाह प्याकेजका ‘पेन डि प्याकेज’ मार्फत निरन्तर पैरवी, सहजीकरणका गतिविधिमा सहयोग गरिराखेको नेपाल रेडक्रस सोसाइटी, स्वास्थ्य सेवा विभागका स्वास्थ्य कार्यक्रम संयोजक अनिल महर्जनले जानकारी दिनुभयो ।

‘रेजिलिएयन्स नसर्ने रोग उपचार’ परियोजनाका संयोजक प्रमोद अधिकारीले भन्नुभयो, “विपद्का अवस्थामा नसर्ने रोग लागेका व्यक्तिहरूको उपचार सेवा निरन्तरतालाई सुनिश्चित गर्दै स्वास्थ्य क्षेत्र र विपद् जोखिम व्यवस्थापन प्रणालीबीचको अन्तरलाई कम गर्नु ‘रिजिलियन्स एनसिडी’ परियोजनाको मुख्य उद्देश्य रहेको छ । विपद्मा नसर्ने रोगका बिरामीलाई प्राथमिकता दिन सकेमा आकस्मिक जटिलता र मृत्युको जोखिम कम हुन्छ साथै बिरामीको मानसिक तनावसमेत कम हुन्छ । मधुमेह, उच्च रक्तचाप, मुटुरोगजस्ता रोगबाट गम्भीर अवस्था सिर्जना हुनबाट रोकेर मानिसलाई बचाउन सकिन्छ । पेन-डी प्याकेजलाई समावेश गरी नीतिगत रूपमा काम गरेमा विपद्को समयमा नसर्ने रोग भएका व्यक्तिहरूले थप जटिलता भोग्नु पर्ने थिएन ।”

भजनी विपद् र नसर्ने रोगको दोहोरो मारमा रहेको छ । नेपाल रेडक्रस सोसाइटी र स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको संयुक्त सहकार्यमा निर्माण भएको विपद्को समयमा नसर्ने रोगसम्बन्धी अत्यावाश्यक हेरचाह प्याकेजका ‘पेन डि प्याकेज’ को अन्तिम मस्यौदा तयार भइसकेको र भजनी नगरपालिका आगामी वर्षदेखि उक्त प्याकेजलाई पालिकाको नीति तथा कार्यक्रममा समावेश गरेर कार्यन्वयन गर्ने तयारीमा रहेको छ । नगरपालिकाका प्रमुख चौधरीले भन्नुभयो, “ विपद्को समयमा नसर्ने रोग लागेका व्यक्तिहरूको उपचार सेवा निरन्तरताको लागि यो प्याकेजले सहजीकरण गर्ने भएकाले भविष्यमा भजनी नगरपालिकामा नसर्ने रोगबाट प्रभावित रहेका व्यक्तिहरू विपद्का समयमा उपचारबाट वञ्चित हुनु पर्दैन ।”

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, सामुदायिक स्वास्थ्य विशेषज्ञ डा सविन पराजुली विपद्को समयमा नसर्ने रोग लागेका व्यक्तिहरूको उपचार सेवा निरन्तरताको लागि ‘पेन डी प्याकेज’ सहयोग पुर्‍याउने जानकारी दिँदै भजनी र लालझाडीको सिकाई अन्य पालिकामा कार्यान्वयन गर्न आवश्यक रहेको बताउनुभयो । रासस

## ‘डिडिसी’ सुधारका लागि कृषिमन्त्री चौधरीद्वारा नौबुँदे निर्देशिका जारी

काठमाण्डु । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले दुग्ध विकास संस्थान (डिडिसी) सुधारका लागि नौबुँदे निर्देशिका जारी गर्नुभएको छ ।

बिहीबार जारी गर्नुभएको निर्देशिकामा विगत पाँच वर्षको दूध सङ्कलन र बिक्री वितरणको मासिक तथ्याङ्क तथा आम्दानी खर्चको यथार्थ विवरण १५ दिनभित्र मन्त्रालयमा पेस गर्न, प्रत्येक महिनाको मासिक विवरण अर्को महिनाको सात दिनभित्र मन्त्रालयमा पठाउन भनिएको छ ।

संस्थानले असुलउपर गर्नुपर्ने बक्यौता रकम प्रचलित कानुनबमोजिम असुलउपर गरी एक महिनाभित्र मन्त्रालयलाई जानकारी दिन निर्देशन दिँदै दूध सङ्कलनदेखि दुग्धपदार्थ बिक्री वितरण, बिलिङ प्रणाली, लेखा प्रणाली, सम्पत्ति तथा जिन्सी अवस्थालगायत संस्थानबाट प्रवाह हुने सम्पूर्ण प्रक्रियालाई नेपाल सरकारले स्वीकृत गरेको शासकीय सुधारका एक सय बुँदे कार्यसूचीबमोजिम तीन महिनाभित्र विद्युतीय अभिलेखमा आबद्ध गर्न निर्देशन दिइएको छ ।

यस्तै, संस्थानमा कार्यरत सबै प्रकारका कर्मचारी र कामदारको अनिवार्य विद्युतीय हाजिरी गराउने र त्यस्तो विद्युतीय हाजिरीबाट प्रमाणित भएको अवस्थामा मात्र नियमित र बढी समयका लागि गरिने भुक्तानी प्रदान गर्न र प्रचलित कानुनले तोके बमोजिमको सुविधा मात्र दिने प्रबन्ध मिलाउन, कर्मचारी तथा कामदारका लागि आचारसंहिता जारी गरी कडाइका साथ लागू गर्न निर्देशन दिइएको छ ।

संस्थानको भौतिक सम्पत्तिको लगत अद्यावधिक गरी त्यसको व्यावसायिक योजना बनाउन, प्रत्येक कर्मचारीलाई लक्ष्यसहित कार्यसम्पादन विवरण दिने व्यवस्था तथा कार्य विवरणबमोजिम मूल्याङ्कनको सूचकाङ्क तयार गरी मूल्याङ्कन हुने व्यवस्था गर्न र मुख्य कार्यसम्पादन सूचक दिई कार्य जिम्मेवारी तोक्न पनि निर्देशन दिइएको छ । रासस

# गोसाइँकुण्डमा गङ्गादशहरामा पाँच हजारले दर्शन गर्ने अनुमान

रसुवा । हिमालको काखमा अवस्थित पवित्र तीर्थ गोसाइँकुण्डमा गङ्गादशहरा पर्वको अवसर पारेर वार्षिक विशेष मेला सुरु भएको छ । हिन्दू तथा बौद्ध धर्मावलम्बीका लागि श्रद्धा, आस्था र मोक्ष प्राप्तिको केन्द्र मानिने यस तीर्थमा भगवान् शिवको दर्शन तथा स्नान गर्न देश-विदेशबाट भक्तजनहरू पुग्न थालेका छन् ।



यही जेठ ३ गतेदेखि सुरु भएको मेला जेठ १२ गतेसम्म सञ्चालन हुने छ । चन्दनबारीका होटल व्यवसायी सुब्बा लामाका अनुसार हालसम्म तीन सयभन्दा बढी तीर्थयात्री कुण्ड क्षेत्रमा पुगिसकेका छन् भने यस वर्ष करिब पाँच हजार भक्तजन आउने अनुमान गरिएको छ ।

**शिवको तपोभूमिः शास्त्रमा वर्णित गोसाइाकुण्ड**

पुराणहरूमा वर्णन भएअनुसार देवता र दानवबीच भएको समुद्र मन्थनबाट निस्किएको घातक कालकूट विषले सम्पूर्ण सृष्टि विनाश हुने अवस्था सिर्जना भएको थियो । सृष्टिको रक्षा गर्न भगवान् शिवले उक्त विष कण्ठमा धारण गर्नुभयो, जसकारण उहाँ नीलकण्ठ नामले प्रसिद्ध हुनुभयो ।

विषको ताप सहन नसकेपछि भगवान् शिव शीतल स्थानको खोजी गर्दै हिमालय क्षेत्रमा आउनुभएको धार्मिक विश्वास छ । त्रिशूलले हिमालको पहरामा प्रहार गर्दा निस्किएको पवित्र जलबाट बनेको दिव्य कुण्ड नै गोसाइँकुण्ड भएको जनविश्वास रहिआएको छ । यही कारणले यस कुण्डको जललाई पाप नाश गर्ने, मन शुद्ध गर्ने तथा मोक्ष प्रदान गर्ने पवित्र जल मान्नेहरू पनि छन् ।

धार्मिक मान्यताअनुसार गङ्गादशहरामा स्नान गर्दा दश प्रकारका पाप नाश हुन्छन् । जनैपूर्णिमामा स्नान गर्दा जन्मजन्मान्तरका दोष समाप्त हुने विश्वास छ । जीवनमा एकपटक गोसाइँकुण्ड दर्शन गरे मोक्ष प्राप्त हुने मान्यता रहिआएको छ । कठिन यात्रा, दिव्य अनुभूति, समुन्द्र सतहदेखि करिब १४ हजार १०० फिट उचाइमा अवस्थित यो तीर्थ पुग्न श्रद्धा, धैर्य र साहस आवश्यक पर्छ ।

काठमाण्डुबाट बालाजु बसपार्क हुँदै शिवपुरी, छहरे, ढुङ्गे, बेत्रावती, कालिकास्थान पार गरी धुञ्चे पुगेपछि पैदल यात्रा सुरु हुन्छ । धुञ्चेबाट शिवमन्दिर, त्रिशूली नदी किनार, चन्दनबारी (सिङ्गगोम्पा), चोलाङपाटी, लौरीविनायक, गणेश गौंडा हुँदै तेर्सो ककरो भिर पार गरेपछि अन्ततः पवित्र गोसाइँकुण्ड दर्शन हुन्छ ।

यात्रुहरूको अनुभवअनुसार उकालो चढ्दा सास फेर्न गाह्रो भए पनि कुण्डमा स्नान गरेपछि सम्पूर्ण थकान हराएर नयाँ उमङ्ग प्राप्त हुने अनुभूति मिल्छ ।

**धार्मिक सेवा र यात्रु व्यवस्थापन**

बढ्दो यात्रु चापलाई मध्यनजर गर्दै होटल व्यवसायीहरूले आवश्यक खाद्यान्न ढुवानी गरिसकेका र खान-बस्नको उचित व्यवस्थापन गरिएको होटल व्यवसायी लामाले बताउनुभयो । यही जेठ ९ देखि १२ गतेसम्म कुण्ड क्षेत्रमा विशेष पूजाका लागि पुजारीको व्यवस्था गरिने गोसाइँकुण्ड क्षेत्र विकास समितिका अध्यक्ष सञ्जीव डिएमले जानकारी दिनुभयो ।

यात्राका क्रममा समस्या परे नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलले उद्धार सेवा निरन्तर सञ्चालन गर्ने जिल्ला प्रहरी प्रमुख अशोक थापाले जानकारी दिनुभयो ।

**स्वास्थ्य र सुरक्षित यात्रा सुझाव**

लौरीविनायकभन्दा माथि उचाइका कारण लेक लाग्ने सम्भावना रहने भएकाले स्वास्थ्यकर्मीले निम्न सावधानी अपनाउन आग्रह गरेका छन् । धुञ्चेमा एक रात बस्दै शरीरलाई वातावरणसँग मिलाएर जान उपयुक्त हुने स्थानीयले बताएका छन् ।

अदुवा, कागती, लसुन, बिरेनुन साथमा लैजाने, चिकित्सकको सल्लाहअनुसार औषधि प्रयोग गर्ने, हतार नगरी बिस्तारै उकालो चढ्ने, पैदल यात्रा गर्न नसक्ने ज्येष्ठ नागरिकका लागि काठमाडौं विमानस्थलबाट हेलिकोप्टर सेवा पनि उपलब्ध रहेको जनाइएको छ ।

**प्रकृति संरक्षण पनि धर्मकै अङ्ग**

यात्राका क्रममा वन्यजन्तुलाई नतर्साउन, वनस्पति नकाट्न र फोहर तोकिएको स्थानमा मात्र व्यवस्थापन गर्न सबै यात्रुमा अनुरोध गरिएको छ । हिमालयको संरक्षण नै भगवान् शिवप्रतिको सच्चा श्रद्धा भएको धार्मिक तथा वातावरणीय सन्देश रहेकाले सोहीअनुसार आग्रह गरिएको लाङ्टाङ राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत श्यामकुमार शाहले बताउनुभएको छ ।

**आस्था, प्रकृति र अध्यात्मको सङ्गम**

धार्मिक विद्वानहरूका अनुसार भगवान् शिवले सम्पूर्ण प्राणीजगत्को रक्षा गर्न विषपान गर्नुभएको स्मरणस्वरूप भक्तजनले जीवनमा कम्तीमा एकपटक भए पनि गोसाइँकुण्ड दर्शन गर्नुपर्ने मान्यता रहिआएको छ ।

कठिन हिमाली यात्रा, शुद्ध हिमजल, मन्त्र उच्चारणको गुञ्जन र गहिरो श्रद्धाले भरिएको वातावरणले गोसाइँकुण्डलाई केवल ताल मात्र नभई आत्मशुद्धि, आस्था र अध्यात्मिक जागरणको तीर्थ बनाएको छ । गङ्गादशहराको पावन अवसरसँगै गोसाइँकुण्ड हाल भक्तिभाव, विश्वास र धार्मिक उत्साहले भरिएको पुरोहित उपेन्द्र मिश्रले बताउनुभयो । रासस

# अख्तियार प्रमुख आयुक्त र ‘एपिजी’ प्रतिनिधिमण्डलबीच सम्पत्ति शुद्धीकरणलगायत विषयमा छलफल




काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राई र ‘एसिया प्यासिफिक ग्रुप अन मनी लाउन्डरिङ’ (एपिजी) का प्रतिनिधिमण्डलबीच शिष्टाचार भेट भएको छ ।

टङ्गालस्थित आयोगको कार्यालयमा आज भएको भेटघाट तथा छलफलमा एपिजीका तर्फबाट ‘डेलिगेसन’ प्रमुख डेविड सानन र पारस्परिक मूल्याङ्कन संयोजक किया सासलीको सहभागिता रहेको थियो ।

छलफलका क्रममा एपिजीका डेलिगेसन प्रमुख साननले नेपालले सम्पत्ति शुद्धीकरणसम्बन्धी ‘ग्रे लिष्ट’ बाट बाहिरिनका लागि आगामी दिनमा चाल्नुपर्ने कदमका बारेमा चर्चा गर्दै ‘इन्टरनेसनल कोअपरेसन रिभ्यु ग्रुप’ले परिमार्जन गरेको कार्ययोजनाको दृढताका साथ पालना हुनुपर्ने, राष्ट्रिय जोखिम मूल्याङ्कनको कार्य यथाशीघ्र सम्पन्न गर्नुपर्ने र बढी जोखिमपूर्ण देखिएका क्षेत्रमा सुधार केन्द्रित हुनुपर्नेमा जोड दिनुभएको आयोगले जनाएको छ ।

आयोगका प्रवक्ता सुरेश न्यौपाने बिहीबार विज्ञप्ति जारी गरी साननले सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुर अनुसन्धानको क्षेत्रमा आयोगले निर्वाह गरेको कार्यको सराहना गर्दै आगामी दिनमा अनुसन्धान क्षमता थप सुदृढ तुल्याउन आवश्यक प्राविधिक सहायता उपलब्ध गराउन सकिने प्रतिबद्धता व्यक्त गर्नुभएको उल्लेख गर्नुभएको छ ।

प्रमुख आयुक्त राईले नेपाललाई ‘ग्रे लिष्ट’बाट बाहिर निकाल्ने सवालमा एपिजीले पुर्‍याउँदै आएको सहयोगका लागि धन्यवाद ज्ञापन गर्नुभयो । सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरको अनुसन्धान र अभियोजनमा आयोगले सम्पादन गरेका विभिन्न नीतिगत तथा कानुनी सुधार, अनुसन्धान र अभियोजनको परिमाणात्मक र गुणात्मक अभिवृद्धि, अनुसन्धान क्षमता विकास र अन्तरनिकाय समन्वयलगायत मुख्य सुधारका विषयमा उहाँले प्रकाश पार्नुभएको थियो ।रासस


## श्री माध्यमिक विद्यालय बसविट्टी

**जनकपुरधाम-२२, धनुषा (नेपाल)**

### शिक्षक आवश्यकता सम्बन्धमा

प्रस्तुत विषयमा यस विद्यालयमा ज.उ.म.न.पा.शिक्षा युबा तथा खेलकुद शाखाको च.नं.९३६० मिति २०८३/०१/३१ को प्राप्त 'पत्रानुसार तथा वि.व्य.स.को बैठकको २०८३/०२/०४ को निर्णयानुसार आ.ब.२०८२/०८३ को लागि मा.बि.स्तर (कक्षा ९ र १०) का लागि तपसिल अनुसारको विषय शिक्षक आवश्यकता भएको हुँदा खुल्ला विज्ञापन मार्फत पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल अनुसार योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट रितपूर्वक १५ दिन भित्र निवेदन पेश गर्न आह्वान गरिन्छ । म्याद नाघी आएको निवेदन उपर कुनै कारवाही हुने छैन।

तपसिल

| क्र.स. | विज्ञापन नं. | पद | तह | विषय | माग पद संख्या | न्यून्तम शैक्षक योगयता |
|---|---|---|---|---|---|---|
| १. | ०१/२०८२/०८३ | अनुदान शिक्षक | माध्यमिक | विज्ञान | १ | सम्बन्धित विषयमा वि.एस.सी. बा वि.एड. (विज्ञान) उत्तीर्ण |

तपसिल (अन्य विवरण)

१. **उमेर**: १८ बर्ष पूरा भई ४० वर्ष ननाधको
२. **दरखास्त दिने अन्तिम मिति**: २०८३/०२/२१ गते
३. **दरखास्त दस्तुर**: १,५००/- (ने.बैं. लि. च.हि.नं. ००८००१००४६४२७७००००१ को खातामा रकम जम्मा गरी सक्कल भौचर)
४. **तलब सुविधा**: प्रापत शिक्षण सहयोग अनुदान बमोजिम
५. **परीक्षाको किसिम**: लिखित, अन्तरवार्ता, आवश्यक परेमा कक्षा अवलोकन
६. **परीक्षा हुने मिति**: दरखास्तको अन्तिम दिनमा तोकिने छ।
७. **दरखास्त दिने स्थान**: विद्यालय प्रशासनमा (कार्यालय समय भित्र)
८. **आवश्यक कागजात**:
   क) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति
   ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति
   ग) अध्यापन अनुमति पत्रको प्रतिलिपि १ प्रति
   घ) पासपोर्ट साईजको फोटो २ प्रति

**नोट**: शिक्षक सेवा आयोगको करार सूचीमा रहेको व्यक्तिले निवेदन दिन आएमा योग्यता क्रमको आधारमा स्वतः नियुक्ति दिइनेछ । सम्पर्क नं. ९७६४७५५८५५

नि. प्रधानाध्यापक


# उच्चशिक्षामा कृत्रिम बौद्धिकताको विवेकशील प्रयोगमा जोड


कीर्तिपुर । सार्क देशका विज्ञहरूले कृत्रिम बौद्धिकतालाई मानव सेवामा लगाउन यसको विवेकशील प्रयोगमा जोड दिएका छन् । राज्यले जतिसक्दो छिटो नीति बनाएर यसको दुरुपयोग रोक्नुपर्ने विज्ञको धारणा छ ।

त्रिभुवन विश्वविद्यालयको आयोजना र एसियाली विकास बैङ्क तथा संयुक्त राष्ट्र शैक्षिक, वैज्ञानिक र सांस्कृतिक सङ्गठन (युनेस्को) को आर्थिक सहयोगमा बुधबारदेखि राजधानीमा शुरु भएको ‘उच्चशिक्षामा जिम्मेवार र नवप्रवर्तनात्मक कृत्रिम बौद्धिकताको नक्साङ्कन’ सम्बन्धी बहसमा विज्ञहरूले यस्तो बताएका हुन् ।

कार्यक्रममा नेपालका साथै चीन, भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का, माल्दिभ्स, भूटानलगायत देशका प्रतिष्ठित विश्वविद्यालयका उपकुलपति, प्राध्यापक तथा अनुसन्धानकर्ताहरूको उपस्थिति रहेको छ ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राडा सुशीलबहादुर बज्राचार्यले कृत्रिम बौद्धिकताको सचेत प्रयोग गरी उच्चशिक्षालाई थप गुणस्तरीय, प्रभावकारी तथा विश्वपरिवेश अनुरूपको बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले कृत्रिम बौद्धिकताको प्रयोगबारे प्राध्यापक र विद्यार्थीलाई दक्ष बनाई संस्थागत विकासमा केन्द्रित गर्नुपर्ने, अनुसन्धान दक्षता अभिवृद्धि गर्नुपर्ने र नीतिगत रूपमा सरकारले कृत्रिम बौद्धिकताको प्रयोगलाई सहज बनाउने नीति तथा कानुन निर्माण गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

नेपालका लागि चीनका राजदूत छाङ म्याओमिङले कृत्रिम बौद्धिकताको विकासले मानवीय चिन्तन प्रणालीमा व्यापक परिवर्तन ल्याएको धारणा व्यक्त गर्दै छ ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# अमानवीय गतिविधि नियन्त्रण गर

अपहरणकको गलत सूचना संप्रेषणले अविश्वास , मानसिक पीडाको अवस्था सिर्जना हुने गर्छ। त्यसमा पनि परराष्ट्र मन्त्रालयले बन्धकका बारेमा संप्रेषण गरेको सूचनाले अन्योल , मन्त्रालयका पदाधिकारीको समस्याप्रति संवदेन शून्यतालाई उजागर गर्छ। व्यक्ति कैद नै छन् तर मन्त्रालयले कैद मुक्तको सूचना संप्रेषण पछि क्षमा याचना गरी पञ्छिने प्रयास गरेको छ। यो एउटा दृष्टान्त मात्र हो , यस्ता कयौं पीडितको क्रन्दनमा मन्त्रालयको मौनताको अध्याय लामो नै छ ।बेरोजगारी जीविकोपार्जनका लागि आवश्यक काम , इलम , पेशा नभएको , इच्छा , जांगर र योग्यता हुँदाहुँदै पनि काम नपाएको अवस्था हो। । श्रमबजारमा मागको तुलनामा श्रमशक्तिको आपूर्ति बढी भएको अवस्था हो। श्रमशक्ति निष्क्रिय हुँदा आर्थिक प्रगतिले गति लिन सक्दैन भने अर्कोतर्फ पारिवारिक कलह ,अशान्ति , गरिबी , झैझगडा हिंसा ,कुलत र सामाजिक अपराधमा वृद्धि हुन जान्छन्। मुलुकमा रोजगारी नपाउने अवस्थाका कारण जीविकोपार्जनका लागि बैदेशिक रोजगारीमा जानेको संख्यामा दिनप्रतिदिन वृद्धि हुँदै गएको छ। त्यसमा पनि मधेश प्रदेशका महोत्तरी , धनुषा , सिरहा , सप्तरी , बारा , पर्सा , सर्लाही , रौतहटबाट वैदेशिक रोजगारमा जानेको ग्राफ वर्षेनि बढदे गएको पाइन्छ। वैदेशिक रोजगार विभागका अनुसार हाल प्रत्येक दिन करिब १५ सय जनशक्ति वैदेशिक रोजगारीमा जाने गरेका छन्। यसका सकारात्मक पक्षमा आर्थिक विप्रेषणमार्फत गरिबी घटाउनमा सहयोगलाई लिन सकिन्छ भने सामाजिक तथा पारिवारिक विखण्डन र विग्रह बढदै जानुलाई सबैभन्दा पेचिलो नकारात्मक प्रभावका रुपमा लिन सकिन्छ। वैदेशिक रोजगारीमा रहेकामध्ये वर्षेनि ठूलो संख्यामा ज्यान पनि गुमाउने गरेका छन्। एक तथ्यांक अनुसार वैदेशिक रोजगारी क्रममा १० हजारभन्दा बढीको मृत्यु भइसकेको छ। रोजगार, आर्थिक अवसर , गरिबी निवारण , विप्रेषण र राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याएको योगदान महत्वपूर्ण भए पनि एक आपसमा विवाद गरी हत्याको घटना , सम्झौताअनुसार काम नपाइ बन्धक र असहायको अवस्थाले नारकीय क्षणमा पुऱ्याउने ठगीका प्रकरण संवेदनहीताको उत्कर्ष रुपमा देखिन्छ। म्यानपावरले प्रलोभनमा पारी लाखैं रकम लिइ वैदेशिक रोजगारीमा पठाउने तर भनिएको अनुसार काम नपाएपछि गैर जिम्मेवार हुने र रोजगारीमा गएकालाई पशुसरह व्यवहार गरिएको छ। यस्ता गतिविधिलाई चर्चामै सीमित राख्ने नारकीय अवस्थाबाट मुक्त गर्नेप्रति अग्रसरताको अभाव दुष्कर बन्दै गएको छ। अपहरण , बन्धक , हत्या , मृत्यु ,यातना जस्ता शब्द दिनचर्या बन्दै जानु मानवीय कलंक सिद्ध हुनु चिन्तनीय विषय भएकाले यसपूति सम्बन्धित निकायको ध्यान जानु आवश्यक छ।

# प्रणालीमाथि आक्रमण गर्ने प्रवृत्ति कति वैध वा अवैध?



डा.केदार कार्की

एउटा व्यस्त बजारको कल्पना गर्नुहोस्, जहाँ विक्रेताहरूले आफ्ना सामानहरू प्रदर्शन गर्छन्, खरीददारहरू मूल्यको लागि मोलमोलाई गर्छन्, र सबैजना अलिखित नियमहरूको सेटको पालना गर्छन्। अब, कल्पना गर्नुहोस् जब यी नियमहरूमाथि प्रश्न उठाइन्छ, वा अझ खराब, बेवास्ता गरिन्छ तब के हुन्छ। अराजकता उत्पन्न हुन्छ, विश्वास क्षय हुन्छ, र प्रणाली पतन हुन्छ। यो शासनमा वैधता र दायित्वको संकटको समयमा हुने कुराको लागि एक रूपक हो। यी संकटहरूले समाजलाई अस्थिर बनाउन सक्छन्, जसले गर्दा अक्षमता र सार्वजनिक विश्वास गुम्न सक्छ। तर यी संकटहरू वास्तवमा के हुन्, र तिनीहरू किन हुन्छन्? थप बुझ्नको लागि यसमा डुबौं।

संकटहरूको अन्वेषण गर्नु अघि, वैधता र दायित्वको अवधारणा बुझ्नु आवश्यक छ। वैधता भन्नाले त्यो प्रक्रियालाई जनाउँछ जसद्वारा शासक निकायले शासन गर्ने अधिकार प्राप्त गर्छ र जनताद्वारा स्वीकार गरिन्छ। यो स्वीकृति सामाजिक व्यवस्था र अनुपालन कायम राख्नको लागि महत्त्वपूर्ण छ। अर्कोतर्फ, दायित्व भनेको नागरिकहरूको नैतिक वा कानुनी कर्तव्य हो जसले शासक निकायद्वारा निर्धारित कानून र नियमहरू पालना गर्दछ। छोटकरीमा, वैधता भनेको राज्यको अधिकारको बारेमा हो, जबकि दायित्व भनेको नागरिकहरूको त्यो अधिकार पालना गर्ने इच्छाको बारेमा हो।

जब राज्यको अधिकारमाथि प्रश्न उठ्छ र मानिसहरूको आज्ञा पालन गर्ने इच्छाशक्ति कम हुन्छ, तब वैधता र दायित्वको संकट आउँछ। आर्थिक मन्दी, राजनीतिक भ्रष्टाचार, सामाजिक असमानता र शासनमा अक्षमता लगायत विभिन्न कारकहरूका कारण यी संकटहरू उत्पन्न हुन सक्छन्।

जर्मन समाजशास्त्री र दार्शनिक जर्गेन हेबरमासले वैधता संकट सिद्धान्तको प्रस्ताव गरेका थिए। हेबरमासका अनुसार, पूँजीवादी समाजहरू राज्यको वैधतालाई कमजोर पार्ने संरचनात्मक विरोधाभासहरूको शिकार हुन्छन्। उनको तर्क छ कि पूँजीवादी समाजहरूमा, राज्यले आर्थिक वृद्धि, सामाजिक कल्याण र राजनीतिक स्थिरताको मागहरूलाई सन्तुलनमा राख्नु पर्छ। यद्यपि, यी मागहरू प्रायः एकअर्कासँग द्वन्द्वमा पर्छन्, जसले गर्दा वैधताको संकट निम्त्याउँछ।

उदाहरणका लागि, पूँजीवादी समाजमा, राज्यले ठूला व्यवसायहरूलाई समर्थन गरेर र कर घटाएर आर्थिक वृद्धिलाई प्राथमिकता दिन सक्छ। यद्यपि, यसले उपेक्षित महसुस गर्ने श्रमिक वर्गमा सामाजिक असमानता र असन्तुष्टि निम्त्याउन सक्छ। फलस्वरूप, राज्यको वैधतामाथि प्रश्न उठ्छ, र मानिसहरू यसको कानून र नियमहरू पालना गर्न कम इच्छुक हुन्छन्।

ओभरलोडेड गभर्नमेन्ट सिद्धान्तले सुझाव दिन्छ कि सरकारमाथि धेरै दबाब दिनाले अक्षमता निम्त्याउन सक्छ र यसको पहिचान घट्न सक्छ। आजको संसारमा, सरकारहरूले आर्थिक विकास, सामाजिक कल्याण, वातावरणीय संरक्षण, र राष्ट्रिय सुरक्षा लगायत धेरै मुद्दाहरूलाई सम्बोधन गर्ने अपेक्षा गरिन्छ। यो बढ्दो कार्यभारले सरकारलाई अभिभूत गर्न सक्छ, जसले गर्दा अक्षमता र जनताको विश्वास गुम्न सक्छ।

उदाहरणका लागि, नेपालमा, सरकारले गरिबी, बेरोजगारी, स्वास्थ्य सेवा र शिक्षा लगायत धेरै चुनौतीहरूको सामना गरिरहेको छ। यी मुद्दाहरूको संख्याले सरकारको स्रोत र क्षमताहरूमा तनाव सिर्जना गर्न सक्छ, जसले गर्दा ढिलाइ, भ्रष्टाचार र कुप्रबंधन निम्त्याउँछ। फलस्वरूप, यी मुद्दाहरूलाई सम्बोधन गर्ने सरकारको क्षमतामा जनताको विश्वास खस्कन्छ, जसले गर्दा पहिचान र जवाफदेहिताको संकट निम्त्याउँछ।

वैधता र दायित्व संकटमा धेरै कारकहरूले योगदान पुऱ्याउन सक्छन्। उच्च बेरोजगारी दर, मुद्रास्फीति र आर्थिक मन्दी जस्ता आर्थिक अस्थिरताले अर्थतन्त्र व्यवस्थापन गर्ने सरकारको क्षमतामा जनताको विश्वासलाई कमजोर बनाउन सक्छ। जब मानिसहरूले आफ्नो जीवन धान्न संघर्ष गर्छन्, तिनीहरूले राज्यको वैधतामाथि प्रश्न उठाउने र यसको कानून र नियमहरू पालना गर्न कम इच्छुक हुने सम्भावना बढी हुन्छ।

राजनीतिक भ्रष्टाचार अर्को महत्त्वपूर्ण कारक हो जसले राज्यको वैधतालाई कमजोर बनाउन सक्छ। जब सरकारी अधिकारीहरू घूसखोरी, हिनामिना र नातावाद जस्ता भ्रष्ट अभ्यासहरूमा संलग्न हुन्छन्, जनताले निष्पक्ष र न्यायपूर्ण रूपमा शासन गर्ने सरकारको क्षमतामा विश्वास गुमाउँछन्। विश्वासको यो हानिले वैधता र दायित्वको संकट निम्त्याउन सक्छ।

आय, शिक्षा र स्वास्थ्य सेवामा असमानता जस्ता सामाजिक असमानताहरूले पनि वैधता र दायित्व संकटमा योगदान पुऱ्याउन सक्छ। जब केही समूहहरू राज्यद्वारा सीमान्तकृत र उपेक्षित महसुस गर्छन्, तिनीहरूले यसको वैधतामाथि प्रश्न उठाउने र यसको कानून र नियमहरू पालना गर्न कम इच्छुक हुने सम्भावना बढी हुन्छ।

प्रशासनिक ढिलासुस्ती, सार्वजनिक सेवामा ढिलाइ र पारदर्शिताको अभाव जस्ता शासनमा अक्षमताले सरकारमाथि जनताको विश्वासलाई अझ कमजोर बनाउन सक्छ। जब मानिसहरूले राज्यलाई अक्षम र आफ्ना आवश्यकताहरूप्रति अनुत्तरदायी ठान्छन्, तब उनीहरूले यसको वैधतामाथि प्रश्न उठाउने र यसका कानून र नियमहरू पालना गर्न कम इच्छुक हुने सम्भावना बढी हुन्छ।

जब राज्यको वैधतामाथि प्रश्न उठ्छ र मानिसहरूको आज्ञा पालन गर्ने इच्छाशक्ति घट्छ, सामाजिक व्यवस्था क्षय हुन सक्छ। यो क्षयले अपराध दर, नागरिक अशान्ति र राजनीतिक अस्थिरता पनि बढाउन सक्छ। उदाहरणका लागि, २०११ को अरब स्प्रिंगको समयमा, सरकारसँग व्यापक असन्तुष्टिले ठूलो विरोध प्रदर्शन निम्त्यायो र केही अवस्थामा, शासनहरूको पतन भयो।

नेपालमा २०२५ को "जेन-जेड" आन्दोलन - एक विशाल युवा नेतृत्वको विद्रोह - प्रणालीगत सरकारको असफलता, आर्थिक स्थिरता र राज्य सेन्सरशिपबाट सुरु भएको थियो। यसले राष्ट्रको राजनीतिक परिदृश्यलाई पूर्ण रूपमा उल्ट्यायो, राजीनामा दिन बाध्य पार्‍यो, २०१५ को संविधान निलम्बन गऱ्यो, र देशलाई स्थिर बनाउन र राष्ट्रिय चुनावहरूको निरीक्षण गर्न अन्तरिम सरकार स्थापना गऱ्यो।

वैधता र दायित्वको संकटले पनि सरकारमा जनताको विश्वासमा गिरावट ल्याउन सक्छ। यो गिरावटले राज्यलाई नीति र कार्यक्रमहरू कार्यान्वयन गर्न अझ चुनौतीपूर्ण बनाउन सक्छ, किनकि मानिसहरू सहयोग र पालना गर्न कम इच्छुक हुन्छन्। चरम अवस्थामा, विश्वासको यो क्षतिले राज्य र यसका नागरिकहरू बीचको सामाजिक सम्झौताको भंग हुन सक्छ

जब सरकारमा जनताको विश्वास घट्छ, प्रभावकारी रूपमा शासन गर्ने राज्यको क्षमतामा सम्झौता हुन्छ। मानिसहरू कर तिर्न, नियमहरू पालना गर्न वा नागरिक गतिविधिहरूमा भाग लिन कम इच्छुक हुन सक्छन्। यो कम सहयोगले सरकारको गम्भीर समस्याहरूलाई सम्बोधन गर्ने र सामाजिक व्यवस्था कायम राख्ने क्षमतामा बाधा पुऱ्याउन सक्छ।

हालै, एक जनहित याचिकाको सुनुवाइ गर्दा, भारतको सर्वोच्च अदालतका ५३ औं प्रधानन्यायाधीश, न्यायाधीश सूर्य कान्तले निवेदकको अपरिपक्व भाषा र समकालीन "प्रणालीमाथि आक्रमण गर्ने प्रवृत्ति" माथि कडा टिप्पणी गरे, र उनलाई परजीवी समेत भने। त्यसैले, यसलाई आजको लोकतान्त्रिक संस्थाहरूको सन्दर्भमा हेर्नुपर्छ। यद्यपि, यो टिप्पणी न्यायपालिकामा मात्र सीमित छैन, तर संसद, निर्वाचन आयोग, मिडिया, नोकरशाही र संवैधानिक संस्थाहरूमा बढ्दो अविश्वास, राजनीतिक ध्रुवीकरण र आक्रामक सामाजिक सञ्जाल-आधारित प्रवचनलाई औंल्याउँछ।

त्यसैले यसको महत्त्वपूर्ण राजनीतिक र प्रशासनिक प्रभावहरू छन्, र संविधानको संरक्षकको रूपमा, सर्वोच्च अदालतले केवल सतही टिप्पणीहरू गरेर आफ्नो नैतिक जिम्मेवारीबाट भाग्न सक्दैन, किनकि यसको स्व-मोटो संज्ञानको शक्ति पनि गरिबहरूको कल्याणको लागि धेरै हदसम्म अर्थहीन पाइएको छ। तैपनि, प्रधानन्यायाधीशको टिप्पणीलाई धेरै तरिकाले जायज मान्न सकिन्छ। नेपाल लगायत विश्वभरका धेरै लोकतन्त्रहरूमा, यदि कुनै संस्थाको निर्णयले राजनीतिक वा वैचारिक समूहको पक्षमा नलागेमा, सम्पूर्ण संस्थाको वैधतामाथि प्रश्न उठ्ने प्रवृत्ति बढ्दो छ। यसले संस्थागत विश्वासलाई कमजोर बनाउँछ। लोकतन्त्र केवल चुनावद्वारा मात्र संचालित हुँदैन, तर संस्थाहरूको विश्वसनीयताबाट पनि हुन्छ।

यद्यपि, यस टिप्पणीको एउटा अँध्यारो पक्ष छ। लोकतन्त्रमा, नागरिक र विपक्षीलाई संस्थाहरूको आलोचना गर्ने अधिकार हुन्छ। यदि कुनै संस्थाको निर्णय, कार्यप्रणाली वा पारदर्शिताको बारेमा प्रश्न उठाइयो भने, तिनीहरूलाई "प्रणालीमाथि आक्रमण" भनेर खारेज गर्न सकिँदैन। स्वस्थ लोकतन्त्रमा जवाफदेहिता र आलोचना दुवै आवश्यक छन्। न्यायपालिकाले आफैंले धेरै ऐतिहासिक फैसलाहरूमा अभिव्यक्ति स्वतन्त्रता र असहमति जनाउने अधिकारलाई लोकतन्त्रको आधारभूत तत्वको रूपमा घोषणा गरेको छ।

समस्या तब उत्पन्न हुन्छ जब आलोचना तथ्यात्मक र संवैधानिक बहसबाट व्यक्तिगत आक्रमण, प्रचार, ट्रोलिङ वा संस्थाहरूको पूर्ण रूपमा गैरकानूनीकरणमा सर्छ। यसले जनताको विश्वासलाई कमजोर बनाउँछ र लोकतान्त्रिक प्रणालीलाई कमजोर बनाउन सक्छ। त्यसकारण, प्रधानन्यायाधीशको टिप्पणीलाई पूर्ण रूपमा गलत भनेर खारेज गर्न सकिँदैन, न त यसलाई आलोचना विरोधी कथन मान्नु पर्छ।

मिडियाको अनुभवले देखाउँछ कि हालैका वर्षहरूमा, न्यायपालिका विरुद्ध "पूर्वाग्रह", निर्वाचन आयोग विरुद्ध "सरकारी प्रभाव", मिडिया विरुद्ध "प्रचार" र अनुसन्धान एजेन्सीहरूको "राजनीतिक शोषण" जस्ता आरोपहरू लगातार बढेका छन्। अर्कोतर्फ, सत्तारुढ दलको तर्क छ कि आलोचना प्रायः संस्थाहरूलाई बदनाम गर्न जानाजानी अभियानको रूपमा प्रयोग गरिन्छ। यस्तो वातावरणमा, "सम्पूर्ण प्रणालीमाथि आक्रमण" लोकतन्त्रको लागि खतरनाक हुन सक्छ भन्ने प्रधानन्यायाधीशको अवलोकनलाई सन्तुलित चेतावनीको रूपमा हेर्न सकिन्छ।

यसको सार यो हो कि संस्थाहरूको आलोचना गरिनुपर्छ, तर तथ्य र संवैधानिक मर्यादाको ढाँचा भित्र। असहमतिलाई अनुमति दिनुपर्छ, तर लोकतान्त्रिक संरचनालाई कमजोर पार्ने भाषाबाट बच्नुपर्छ। संस्थाहरूले सार्वजनिक विश्वासलाई बलियो बनाउन पारदर्शिता, निष्पक्षता र आत्म-सुधार पनि कायम राख्नुपर्छ। लोकतन्त्रमा सबैभन्दा महत्त्वपूर्ण सन्तुलन भनेको संस्थाहरूको सम्मान कायम राख्नु हो र उनीहरूको जवाफदेहिता सुनिश्चित गर्नु हो।

तर यो मुद्दालाई सन्तुलनका साथ हेर्नु महत्त्वपूर्ण छ। नेपाल जस्तो विशाल र विविध समाजमा, सामाजिक न्याय, आरक्षण, क्षेत्रीय प्रतिनिधित्व, वा कल्याणकारी योजनाहरू जस्ता केही नीतिहरू ऐतिहासिक असमानताहरूलाई कम गर्न डिजाइन गरिएका थिए। त्यसकारण, जब यी नीतिहरूलाई वास्तविक सुधारको सट्टा राजनीतिक लाभ, भोट बैंक कोष, वा शक्ति सुरक्षाको माध्यमको रूपमा प्रयोग गरिन्छ तब समस्याहरू उत्पन्न हुन्छन्। यसले योग्य युवाहरूलाई प्रणाली निष्पक्ष छैन भन्ने महसुस गराउँछ।

यद्यपि, आज बेरोजगार युवाहरूले सामना गरिरहेको सबैभन्दा ठूलो चिन्ता केवल रोजगारीको अभाव मात्र होइन, बरु "समान अवसरमा विश्वासको संकट" हो। तिनीहरूको गुनासो मुख्यतया पेपर चुहावट र भर्ती परीक्षामा भ्रष्टाचार, राजनीतिक संरक्षण र नातावाद, लामो समयसम्म भर्ना ढिलाइ, योग्यताभन्दा बढी पहिचानमा आधारित लाभ, निजी क्षेत्रमा पनि नेटवर्क र प्रभावको भूमिका, र बढ्दो प्रतिस्पर्धा र सीमित अवसरहरूमा केन्द्रित छ। त्यसकारण, यो क्रोधले लोकतान्त्रिक प्रणालीलाई चेतावनीको रूपमा पनि काम गर्छ।

यस्तो अवस्थामा, यदि युवाहरूलाई लाग्छ कि उनीहरूको कडा परिश्रमको उचित प्रतिफल हुनेछैन भने, सामाजिक असन्तुष्टि बढ्न सक्छ। त्यसैले, कुनै पनि सरकार र प्रणालीको प्राथमिक जिम्मेवारी भर्ती प्रक्रियामा पूर्ण पारदर्शिता सुनिश्चित गर्नु, पेपर चुहावट र भ्रष्टाचार विरुद्ध कडा कारबाही गर्नु, सीपमा आधारित रोजगारी बढाउनु, शिक्षा र उद्योग बीच राम्रो समन्वय प्रवर्द्धन गर्नु, अवसरहरूलाई अझ निष्पक्ष र प्रतिस्पर्धी बनाउनु र सार्वजनिक र निजी दुवै क्षेत्रमा योग्यतालाई सुदृढ पार्नु हो। लोकतान्त्रिक र रचनात्मक तरिकाले प्रणालीका कमजोरीहरू विरुद्ध आवाज उठाउनु पनि आवश्यक छ।

यद्यपि, सम्पूर्ण संविधान, लोकतन्त्र वा कुनै पनि समुदाय विरुद्ध घृणा जगाउनु समाधान होइन। बरु, वास्तविक सुधार संस्थागत दबाब, जनचेतना, न्यायिक हस्तक्षेप, पारदर्शिता र राजनीतिक जवाफदेहिताबाट आउँछ। नेपालको सबैभन्दा ठूलो शक्ति यसको युवा जनसंख्यामा छ। यदि यो जनसंख्या प्रणालीसँग पूर्ण रूपमा निराश भयो भने, यसले आर्थिक मात्र होइन तर सामाजिक र राजनीतिक संकट पनि निम्त्याउन सक्छ। त्यसैले, "योग्यतामा आधारित अवसर" र "सामाजिक न्याय" बीच सन्तुलन कायम गर्नु भविष्यमा सबैभन्दा ठूलो चुनौती हुनेछ।

विकृत प्रणालीको कठोर वास्तविकताको सामना गर्ने सन्दर्भमा, बेरोजगार युवाहरूमा बढ्दो भावना छ कि अवसरहरू समान छैनन्। जब भर्ती प्रक्रियाहरूमा भ्रष्टाचार, नातावाद, राजनीतिक संरक्षण, जातीय ध्रुवीकरण, क्षेत्रीय पूर्वाग्रह, वा आर्थिक प्रभावको रिपोर्टहरू देखा पर्छन्, यसले स्वाभाविक रूपमा निराशा र क्रोध निम्त्याउँछ। बंगलादेश र नेपालमा जेन-जेड क्रान्ति र नेतृत्व परिवर्तनको पछाडि यी नै आरोपहरू थिए। त्यसैले धेरै युवाहरूले प्रश्न गर्छन् कि यदि "पहिचान," "सम्बन्ध," वा "प्रभाव" योग्यता भन्दा बढी महत्वपूर्ण भयो भने, कडा परिश्रम र प्रतिभाको के मूल्य हुन्छ? लोकतन्त्र र संविधानको आडमा यस्तो प्रणालीलाई कहिलेसम्म सहन सकिन्छ?

सरकारले जनताको विश्वास पुनर्निर्माण गर्न पारदर्शिता र जवाफदेहितालाई प्रवर्द्धन गर्नुपर्छ। भ्रष्टाचार विरोधी उपायहरू लागू गरेर, सरकारी अधिकारीहरूलाई उनीहरूको कार्यको लागि जवाफदेही बनाउने सुनिश्चित गरेर र नागरिकहरूलाई सरकारी गतिविधिहरूको बारेमा जानकारीमा पहुँच प्रदान गरेर यो प्राप्त गर्न सकिन्छ।

राज्यको वैधता कायम राख्न सामाजिक असमानताहरूलाई सम्बोधन गर्नु महत्वपूर्ण छ। सरकारले शिक्षा, स्वास्थ्य सेवा र रोजगारीमा समान अवसरहरू प्रवर्द्धन गर्ने नीति र कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्छ। सीमान्तकृत समूहहरूको आवश्यकतालाई सम्बोधन गरेर, राज्यले आफ्ना नागरिकहरूमा समावेशीकरण र विश्वासको भावना जगाउन सक्छ।

स्वास्थ्य सेवा, शिक्षा र पूर्वाधार जस्ता सार्वजनिक सेवाहरूमा सुधार गर्नाले सरकारमा जनताको विश्वास पुनर्निर्माण गर्न मद्दत गर्न सक्छ। कुशल र उत्तरदायी सेवाहरू प्रदान गरेर, राज्यले आफ्ना नागरिकहरूको आवश्यकतालाई सम्बोधन गर्ने र सामाजिक व्यवस्था कायम राख्ने आफ्नो प्रतिबद्धता प्रदर्शन गर्न सक्छ।

सार्वजनिक परामर्श, टाउन हल बैठकहरू र सहभागितामूलक निर्णय प्रक्रियाहरू मार्फत नागरिकहरूसँग संलग्न हुनाले जनताको विश्वास पुनर्निर्माण गर्न मद्दत गर्न सक्छ। निर्णय प्रक्रियामा नागरिकहरूलाई संलग्न गरेर, सरकारले उनीहरूको चिन्तालाई सम्बोधन गर्ने र जनतामा स्वामित्व र जिम्मेवारीको भावना जगाउने आफ्नो प्रतिबद्धता प्रदर्शन गर्न सक्छ।

**निष्कर्ष**:

वैधानिकता र दायित्वको संकटले समाजको लागि महत्वपूर्ण परिणामहरू निम्त्याउन सक्छ, जसले गर्दा सामाजिक व्यवस्थाको क्षय, सार्वजनिक विश्वासमा गिरावट र शासनको प्रभावकारितामा कमी आउन सक्छ। यी संकटहरूमा योगदान पुऱ्याउने कारकहरू बुझेर र तिनीहरूलाई सम्बोधन गर्न रणनीतिहरू कार्यान्वयन गरेर, सरकारहरूले राज्यको वैधता कायम राख्न र आफ्ना नागरिकहरूमा दायित्वको भावना जगाउन काम गर्न सक्छन्। अन्ततः, सामाजिक व्यवस्था र अनुपालन कायम राख्न प्रभावकारी शासन र सार्वजनिक विश्वास आवश्यक छ।

> राज्यको वैधता कायम राख्न सामाजिक असमानताहरूलाई सम्बोधन गर्नु महत्वपूर्ण छ। सरकारले शिक्षा, स्वास्थ्य सेवा र रोजगारीमा समान अवसरहरू प्रवर्द्धन गर्ने नीति र कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्छ। सीमान्तकृत समूहहरूको आवश्यकतालाई सम्बोधन गरेर, राज्यले आफ्ना नागरिकहरूमा समावेशीकरण र विश्वासको भावना जगाउन सक्छ।

# काठमाडौं उपत्यकाको धुवाँ, दोष भक्तपुरलाई !



प्रकाशचन्द्र खड्का

काठमाडौं उपत्यकामा प्रदूषणको कुरा उठ्ने बित्तिकै सबैभन्दा पहिले औंला उठ्ने ठाउँ हो, भक्तपुर। विशेषगरी इट्टा भट्टाको विषयमा बनाइएको यस्तो धारणा अहिले सबैको ध्यान खिच्ने अवस्थासम्म पुगेको छ। मानौं, उपत्यकाको सम्पूर्ण धुवाँ भक्तपुरकै चिम्नीबाट निस्किएको हो। सामाजिक सञ्जालदेखि राजनीतिक मञ्चसम्म आजकल एउटै स्वर सुनिन्छ, 'भक्तपुरका इट्टा भट्टा हटाउनुपर्छ।'

सुन्दा निकै आकर्षक नारा हो। वातावरण संरक्षणको कुरा भएकाले सबैलाई एकछिन त सही लाग्न सक्छ। तर प्रश्न के हो भने, के काठमाडौं उपत्यकाको प्रदूषणका सबै जिम्मेवार साँच्चै भक्तपुरका इट्टा भट्टा मात्रै हुन् त ? कि फेरि पनि सजिलो र लोकप्रिय अभिव्यक्ति रोजेर वास्तविक समस्याबाट ध्यान मोड्ने प्रयास मात्र भइरहेको हो ?

आजको यथार्थ यस्तो छ- उपत्यकाका सडकहरू धुलाम्मे छन्। पुराना र कालो धुवा फाल्ने सवार साधन गुडिरहेका छन्। जथाभावी निर्माणका काम भइरहेका छन्। फोहोर जलाउने प्रवृत्ति रोकिएको छैन। नदीकिनारदेखि सडकसम्म धुलोकै साम्राज्य छ। तर यी सबै विषयमा हुनुपर्ने गम्भीर बहस भने कम देखिन्छ। किनभने त्यसको जिम्मेवारी राज्य र व्यवस्थामाथि आउँछ। सजिलो के छ भने, एउटा उद्योगलाई दोष लगाइदिने अनि त्यो "सजिलो दोष" भक्तपुरका इट्टा भट्टामाथि थोपारिदिने।

ध्यान दिनुपर्ने महत्त्वपूर्ण सत्य के हो भने, हटाउन खोजिएका यी इट्टा भट्टा आज रातारात खुलेका होइनन्। यी उद्योग बीसौं वर्षदेखि सञ्चालनमा छन्। यही अवधिमा स्थानीय तह बने, प्रदेश सरकार आए, सङ्घीयता लागू भयो, धेरै सांसद जितेर गए, धेरै मन्त्री फेरिए। तर वातावरणीय मापदण्ड कडाइका साथ लागू गर्ने काम कसैले गरेनन्। त्यो बेला कसैले बोलेनन्, किनकि शहर बनिरहेको थियो, घरहरू उठिरहेका थिए, व्यापारिक कम्प्लेक्स बनिरहेका थिए, काठमाडौं फैलिरहेको थियो।

२०७२ सालको महाभूकम्पपछि त उपत्यकामा पुनर्निर्माणको लहर नै आयो। हजारौं घर भत्किए, नयाँ घर निर्माण भए, पुराना संरचना पुनर्निर्माण भए। त्यो समयमा इट्टाको माग अस्वाभाविक हिसाबले बढ्यो। काठमाडौं, ललितपुर र भक्तपुरका धेरै घरहरू पुनर्निर्माण हुँदा चाहिने इट्टा कहाँबाट आयो ? अधिकांश यिनै भट्टाबाट।

त्यतिबेला कसैले भनेन- "इट्टा चाहिँदैन।" कारण त्यतिबेला प्राथमिकता पुनर्निर्माणको थियो। भूकम्पपछि घरविहीन भएका नागरिकलाई छानो चाहिएको थियो। विद्यालय, अस्पताल र सार्वजनिक भवन पुनः बनाउनु पर्ने थियो। त्यो कठिन समयमा भक्तपुरका इट्टा भट्टाले निर्माण क्षेत्रलाई सामग्री उपलब्ध गराए। उपत्यकाको पुनर्निर्माणमा प्रत्यक्ष योगदान दिए।

तर आज अवस्था के बनेको छ भने, घर बनाउँदा भक्तपुर चाहिने, पुनर्निर्माण गर्दा भक्तपुर चाहिने, तर धुवा देखिँदा दोष जति भक्तपुरलाई नै। तसर्थ यो वातावरणको बहस मात्र होइन, दोष खोज्ने अनुकूल प्रवृत्तिको उदाहरण पनि हो।

यहाँ एउटा कुरा सबैले बुझ्नुपर्छ - इट्टा भट्टा पूर्ण रूपमा निर्दोष छन् भनेर कसैले भनेको छैन। पुरानो प्रविधिमा सञ्चालन भएका भट्टाबाट प्रदूषण भएको छ, यो सत्य हो। धुवा, कार्बन र सूक्ष्म धुलोका कणले वायुमण्डलमा वातावरणीय प्रभाव पारेको वास्तविकतालाई विभिन्न अध्ययन र अनुसन्धानले तथ्यपरक रूपमा पुष्टि गरेका छन्। वर्षौंदेखि वातावरणविद् र प्राविधिकहरूले आधुनिक प्रविधि प्रयोग गर्न सुझाव दिँदै आएका छन्।

जिगज्याग प्रविधि अपनाउँदा धुवा कम हुने, इन्धन बचत हुने र प्रदूषण उल्लेखनीय रूपमा घट्ने तथ्य ती अध्ययनले सार्वजनिक गरेका छन्। तर ती अध्ययनले अर्को कुरा पनि औंल्याएका छन् – समाधान "पूर्ण बन्द" होइन, "वैज्ञानिक व्यवस्थापन" हो। केही उद्योगले यो प्रविधि अपनाएका पनि छन्। तर समस्या कहाँ भयो ? राज्यले नीति बनायो, कार्यान्वयन गरेन। मापदण्ड बनायो, अनुगमन गरेन। नियम लेख्यो, लागू गरेन।

आज त्यही राज्य संयन्त्र आफ्नो कमजोरी ढाक्न उद्योगलाई बलिको बोका बनाइरहेको देखिन्छ।

राजनीतिक विडम्बना अझ रोचक छ। विगतमा सरकारमा हुँदा केही नगर्नेहरू अहिले आएर चर्को स्वरमा "इट्टा भट्टा हटाऊ" भनिरहेका छन्। यदि यति ठूलो चिन्ता थियो भने वर्षौंदेखि प्रभावकारी वातावरणीय नीति लागू किन भएन ? मापदण्डविपरीत चल्ने उद्योग किन बन्द गरिएन ? आधुनिक प्रविधि किन अनिवार्य बनाइएन ?

साँचो यथार्थ चाहिँ के हो भने, नियमन गर्न नसकेको राज्यले अन्ततः "पूर्ण बन्द" लाई नै सजिलो र लोकप्रिय समाधान ठान्छ। उद्योग बन्द गर्न सजिलो होला, समाधान दिन गाह्रो छ। इट्टा भट्टा बन्द भएपछि हजारौं श्रमिक कहाँ जाने ? निर्माण क्षेत्रको माग कसरी पूरा गर्ने ? स्थानीय अर्थतन्त्रमा पर्ने असर कसले व्यहोर्ने ? यी प्रश्नहरूको उत्तर कसैसँग छैन।

धेरै अन्य जिल्लाका र भक्तपुरका स्थानीय परिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा यही उद्योगसँग जोडिएका छन्। मजदुर, ट्रक चालक, निर्माण श्रमिक, साना व्यापारी, धेरैको जीवनचक्र यसैसँग गाँसिएको छ। उद्योग बन्द हुँदा यसको असर उद्योगीलाई मात्र पर्दैन, दैनिक ज्यालादारी गरेर परिवार पाल्ने श्रमिकलाई पनि पर्छ।

त्यसैले समाधान भावनात्मक नारामा होइन, व्यावहारिक नीतिमा खोज्नुपर्छ। यदि कुनै भट्टाले वातावरणीय मापदण्ड पालना गर्दैन भने त्यसलाई कारबाही गरिनुपर्छ। पुरानो प्रविधि हटाउनुपर्छ। प्रदूषण मापन नियमित र सार्वजनिक हुनुपर्छ। वातावरणमैत्री प्रविधि अनिवार्य गरिनुपर्छ।

सबै उद्योगलाई एउटै छडिले हानेर 'हटाऊ' भन्नु वैज्ञानिक सोच होइन, आर्थिक हिसाबले व्यावहारिक पनि होइन।

काठमाडौं उपत्यकाको प्रदूषणलाई इट्टा भट्टासँग मात्र जोडेर हेर्नु आत्मरति मात्र हो। साँच्चै स्वच्छ उपत्यका बनाउने हो भने पुराना सवारीसाधन हटाउनुपऱ्यो, सडक व्यवस्थापन सुधार गर्नुपऱ्यो, निर्माण क्षेत्रलाई व्यवस्थित गर्नुपऱ्यो र फोहोर व्यवस्थापन कडा बनाउनुपऱ्यो। तर यहाँ राजनीतिक इच्छाशक्ति कम देखिन्छ। कारण, जिम्मेवारी धेरै बाँडिन्छ, अनि एउटा जिल्ला र उद्योगलाई दोष दिएर आफू चोखिने परम्परालाई निरन्तरता दिइन्छ।

आज भक्तपुरलाई उपत्यकाको प्रदूषणको प्रतीकजस्तै बनाइएको छ। एउटा तीतो तर साँचो प्रश्न अझै उठ्छ- भक्तपुर दोषी हो ? कि वर्षौंदेखि नियमन गर्न नसक्ने राज्य ?

समयमै कडा वातावरणीय नीति लागू भएको भए, आधुनिक प्रविधि अनिवार्य गरिएको भए, नियमित अनुगमन भएको भए आज भक्तपुरले यति ठूलो विवादको केन्द्र बन्नु पर्ने थिएन।

त्यसैले अब पनि समय छ। नाराले होइन, नीतिले सोचौं। दोष थोपरेर होइन, समाधान खोजौं। उद्योग र वातावरणलाई आपसी शत्रु नबनाई सन्तुलनको आधारका रूपमा हेरौं। नत्र भोलि काठमाडौंको धुलो बढ्दा सम्भवतः फेरि एउटा घोषणा हुनेछ- "उपत्यकाको वायु प्रदूषणको दोषी भक्तपुर हो।"

# नेपाली कांग्रेसको 'निर्वाचन ब्यूरो'मा १७ सदस्य मनोनयन




काठमाण्डु । नेपाली कांग्रेसले 'निर्वाचन ब्यूरो'मा १७ सदस्य मनोनयन गरेको छ ।

कांग्रेस सभापति गगनकुमार थापाले उपसभापति पुष्पा भुसालको संयोजकत्वमा गठित ब्यूरोमा आज १७ सदस्य मनोनयन गर्नुभएको हो ।

ब्यूरोको सदस्यमा जीवन परियार (कास्की), अब्दुल सत्तार (गोरखा), नानु बाँस्तोला (काठमाण्डु), सन्दीप राना (पाल्पा), वंशलाल तामाङ (सिन्धुपाल्चोक), प्रकाश तिवारी (स्याङ्जा), महेश ढुङ्गेल (काठमाडौँ), दीपक महतो (सर्लाही), हरि पोखरेल (झापा) र सुदर्शन आचार्य (सिन्धुपाल्चोक) रहनुभएको छ ।

यस्तै, रोहित पौडेल (काठमाण्डु), डा भूमिराज चापागाईं (नवलपुर), सिद्धार्थ थापा (धनकुटा), नवराज त्रिपाठी (बारा), तेजविनोद पौडेल (स्याङ्जा), जगनाथ लामिछाने (काठमाडौँ) र मिलनराज बर्तौला (काठमाण्डु) हुनुहुन्छ ।

ब्यूरोलाई पार्टीको देशव्यापी निर्वाचन 'डाटाबेस' निर्माण गर्ने र निर्वाचन तयारीलाई तथ्याङ्कमा आधारित र वैज्ञानिक बनाउने लक्ष्यसहित कार्यादेश पनि तोकिएको कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद पौडेलले जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ ।

ब्यूरोले ब्युरोले सात सय ५३ स्थानीय तह छ हजार ७४३ वडा र सात वटै प्रदेशका लागि विस्तृत निर्वाचन योजना तयार गर्ने, मतदाताको मनोविज्ञान र वस्तुस्थितिको विश्लेषण गरी उम्मेदवार छनोट प्रणालीलाई तथ्यपरक बनाउने जनाइएको छ ।

यस्तै, निर्वाचन ब्यूरोअन्तर्गत सात जना विज्ञको 'प्राविधिक समिति' रहने, त्यसमा डाटा विश्लेषण, अनुसन्धानकर्ता, राजनीतिक रणनीतिकार र डिजिटल विज्ञहरू समावेश हुनेछन् ।

यस्तै, प्रदेशस्तरमा सूचना सङ्कलनका लागि 'अपरेसनल टिम' र स्थानीयस्तरसम्म 'सूचनादाता' को सञ्जाल परिचालन र उक्त संयन्त्रले सामाजिक सञ्जालको प्रवृत्ति विश्लेषण, साप्ताहिक 'अपडेट' र मासिक विश्लेषणात्मक प्रतिवेदन तयार गर्ने गरी कार्यादेश दिइएको कांग्रेसले जनाएको छ । रासस

# सुकुमवासीको समस्या तत्काल समाधान गर्न आग्रह



काठमाण्डु । सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति र सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको संयुक्त बैठकमा सांसदहरूले सुकुमवासी समुदायको समस्या तत्काल समाधान गर्न सरकारलाई सक्रिय हुन आग्रह गर्नुभएको छ । उहाँहरूले योजनाविहीन व्यवस्थापन र बस्ती हटाउने कार्यले सुकुमबासी थप समस्यामा परेका बताउनुभयो ।

बैठकमा सांसद श्रीकृष्णप्रसाद अधिकारीले सुकुमवासीको उचित व्यवस्थापन हुन नसक्दा उनीहरू मानसिक तनावमा रहेको उल्लेख गर्दै संविधानले सुनिश्चित गरेको आवासको अधिकारसमेत प्रभावित भएको बताउनुभयो ।

उहाँले सुकुमवासीले न पर्याप्त रोजगारी पाएको, न स्वास्थ्य सेवाको सहज पहुँच पाएको जिकिर गर्दै लालपुर्जाको अभावले उनीहरूको अवस्था थप जटिल बनेको बताउनुभयो ।

सांसद उदयबहादुर बोहोराले वास्तविक सुकुमवासी नै बढी समस्यामा परेका उल्लेख गर्दै तयारीविना डोजर प्रयोग गरेर बस्ती हटाउँदा समस्या थपिएको बताउनुभयो । सांसद नरबहादुर विष्टले सुकुमवासी समस्या समाधानका लागि सरकारले यथाशीघ्र आवश्यक कदम चाल्नुपर्ने भन्दै सरकारलाई निर्देशन दिन आवश्यक रहेको बताउनुभयो ।

सांसद विष्णुकुमारी सापकोटाले उचित तयारीविना सुकुमवासी बस्ती खाली गराउँदा नागरिक समस्यामा परेका उल्लेख गर्दै यस विषयमा सरकारलाई बोलाएर समितिमा गम्भीर छलफल गर्न आग्रह गर्नुभयो । सांसद रोशनी मेचेले सुकुमवासी व्यवस्थापनका लागि स्पष्ट कार्ययोजना आवश्यक रहेको उल्लेख गर्दै मानव अधिकारको संरक्षणमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

सांसद चन्द्रबहादुर केसीले छलफलमा उठेका विषयलाई गम्भीर रूपमा लिएर कार्यान्वयनमा लैजानुपर्नेमा जोड दिनुभयो । सांसद रञ्जित कर्णले सुकुमवासी समस्या समयमै समाधान हुन नसके बालबालिकाको शिक्षा प्रभावित हुने बताउनुभयो । उहाँले सुकुमवासी बस्तीका बालबालिका विद्यालय जानबाट वञ्चित हुन सक्ने अवस्था सिर्जना हुन सक्ने भन्दै यस विषयमा सरकार गम्भीर हुनुपर्नेमा जोड दिनुभयो ।

सांसद मदनकुमारी शाह (गरिमा)ले सुकुमवासी समस्या समाधानका नाममा नागरिकका १६ मौलिक हक प्रभावित भएका भन्दै यसतर्फ सरकारको ध्यानआकर्षण गराउनुभयो । सांसद नारायणदत्त मिश्रले बाढीका कारण सुकुमवासी बस्तीका नागरिक हरेक वर्ष जोखिममा पर्ने गरेका उल्लेख गर्दै राज्यले समयमै प्रभावकारी काम गर्न नसकेको टिप्पणी गर्नुभयो ।

सांसद पदमबहादुर परियारले सुकुमवासी बस्तीमा रहेका अपाङ्गता भएका र अशक्त व्यक्ति अझ बढी प्रभावित भएका भन्दै उनीहरूको आवश्यकतालाई प्राथमिकतामा राखेर व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो । बैठकमा सांसदहरूले सुकुमवासी समस्या केवल आवाससँग मात्र सम्बन्धित विषय नभई मानव अधिकार, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षासँग जोडिएको विषय भएकाले राज्यले समाधान खोज्नुपर्नेमा जोड दिनुभयो । रासस

## संविधान संशोधन बहसपत्र कार्यदल र राजनीतिक दलका नेताबीच छलफल



काठमाण्डु । संविधान संशोधनका लागि बहसपत्र तयार गर्न गठित कार्यदलले विभिन्न राजनीतिक दलका नेताहरूसँग छलफल सुरु गरेको छ ।

प्रधानमन्त्री बालेन शाहका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा गठित कार्यदलले आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा संविधान संशोधन बहसपत्र सम्बन्धी सुझाव संकलनका लागि राजनीतिक दलका नेताहरूसहित छलफल गरेको हो ।

छलफलमा रास्वपाका महामन्त्री कविन्द्र बुर्लाकोटी, नेकपाका माधव सापकोटा, जनमत पार्टीका अध्यक्ष सीके राउत, राष्ट्रिय मुक्ति पार्टी नेपालका केशव झालगायत नेताहरू सहभागी छन् । रासस

## प्रतिनिधिसभाः

# जनतासँग बढी कर नलिन सांसदको माग



काठमाण्डु । प्रतिनिधिसभाको आजको बैठकमा सांसदहरूले जनतासँग बढी कर नलिन सरकारको ध्यानाकर्षण गराउनुभएको छ । बैठकको शून्य समयमा सांसद सुलभ खरेलले जनतालाई कर तिर्न सहुलियत हुने गरी व्यवस्था गरिनुपर्नेमा जोड दिनुभयो ।

सांसद सुशान्त वैदिकले निर्मण सुरु गरिएका प्युठानका सडक अलपत्र भएकाले यथाशीघ्र कामलाई तीव्रता दिन सरोकार भएका निकायको ध्यानाकर्षण गराउनुभयो । चट्याङबाट बच्न प्रतिरोधी टावर बनाउन उहाँले माग गर्नुभयो ।

सांसद सुशील खड्काले फोहरमैला व्यवस्थापनलाई प्रोत्साहनको सट्टा दुरुत्साहनको काम भएकाले कबाडी करलाई खारेज गरिनुपर्नेमा जोड दिनुभयो । कुहिने फोहरलाई मल र प्लास्टिकलाई उद्योगको कोइलाका रूपमा पुनःप्रयोग गर्न सकिने उहाँको सुझाव छ । सांसद सुषमा स्वर्णकारले विद्युत् सेवा अधिकार भएकाले विद्युत् आपूर्तिमा अवरोध नगर्न माग गर्नुभयो । सांसद सुहाङ नेम्वाङले वर्षा सुरु हुन लागेपछि इलामका सडक भत्कने गरेकाले सुधार गर्न माग गर्नुभयो । उहाँले इलाममा अलपत्र रहेका पुल नबन्दा पनि समस्या भएकाले छिटो निर्माण गरी जनता निर्धक्क सुत्न सक्ने गरी कवातावरण बनाउन माग गर्नुभयो ।

सांसद सोम शर्माले गत भदौ २३ गते किन गोली चलाइयो, सोको तथ्यगत र वास्तविक अध्ययन गरी दोषीलाई कारबाही गर्न माग गर्नुभयो । सांसद स्मृति चौधरीले युवाले भविष्य गुमाइरहेकाले विदेश पलायन रोक्ने गरी नीति निर्माण गरिनुपर्ने माग गर्नुभयो ।

सांसद हरिनादेवी कामीले डडेल्धुरामा बग्ने रङ्गुन खोलाले खेतीयोग्य जमिन कटान गरिरहेकाले तटबन्ध निर्माण गर्न माग गर्नुभयो । सांसद हरिप्रसाद भुसालले नेपाली सञ्चारजगतले चेतना जगाउने गरेका उल्लेख गर्दै स्वतन्त्र प्रेसको सुदृढीकरणका लागि समानुपातिक विज्ञापन नीति लागू गर्न माग गर्नुभयो । सांसद क्षितिज थेवेले सुकेटार विमानस्थल कालोपत्र भए पनि विमान नगएको उल्लेख गर्दै ५० वर्षदेखि जनताका सपना पूरा नभएको बताउनुभयो। ताप्लेजुङका विभिन्न स्थानमा सडक र पुलको अवस्था नाजुक भएकाले समाधान गर्न उहाँले माग गर्नुभयो ।

सांसद ज्ञानु पौडेलले कालिकोट विमानस्थल परीक्षण भएर सञ्चालन नभएकाले उक्त विमानस्थल चलाउन ठोस पहल गरिनुपर्नेमा जोड दिनुभयो । कालिकोटका सडक गुणस्तरीय नभएकाले विमानस्थल सञ्चालन छिटो गरिनुपर्ने उहाँको भनाइ छ ।

सांसद ज्ञानेन्द्रसिंह महताले क्रिकेट खेलाडीलाई कञ्चनपुरमा मैदान नभएकाले आधुनिक खेलमैदान तत्काल निर्माण गर्न माग गर्नुभयो । सांसद हरिमोहन भण्डारीले वैदेशिक रोजगारमा गएकाको निधन हुँदा श्रम मन्त्रालयले चासो नलिँदा शव ल्याउने काम प्रभावित भएकोतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो । रासस


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय बर्दिबास, महोत्तरीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना

प्रकाशित मिति : २०८३/०२/०८ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०८३/०१/१७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८२/०७/२७ को जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी/धितोदाताहरुले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८३/०१/१७ को जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्दा कसैको पनि बोलपत्र प्राप्त हुन नआएकोले/प्राप्त बोलपत्रहरु स्वीकारयोग्य नरेहेकोले अस्वीकृत गरिएकोले पुनः दोश्रो पटक यो ७ दिने सूचना प्रकाशित गरिएको छ । अतः तोकिएको समयावधिभित्र इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

### तपसिल

**ऋणीको विवरण**

सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. १ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०७५/०७/१४ गते दर्ता नं. ३०१५/०७५/०७६ तथा आन्तरिक राजश्व कार्यालय जनकपुरमा मिति २०७५/०७/१४ मा स्थायी लेखा नम्बर (PAN) ६०८६८७३९१ अन्तर्गत दर्ता कायम भएको **दिब्या हार्डवयर** ।

**प्रोप्राइटर : दुर्गा प्रसाद बराल**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. राम प्रसाद बरालको नाति, हरि प्रसाद बरालको छोरा, सिन्धुली जिल्ला, साविक हत्पते न.पा./गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. २ बस्ने **दुर्गा प्रसाद बराल** (ना.प्र.नं. २०२१००१/१६५७, जारी मिति २०५८/०७/२७, जि.प्र.का. सिन्धुली) । | २. हरि प्रसाद बरालको बुहारी, दुर्गा प्रसाद बरालको पत्नी, सिन्धुली जिल्ला, साविक हत्पते न.पा./गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. १ बस्ने **रन्जु कुमारी बराल (चौलागाई)** (ना.प्र.नं. २०१८४९/१९६/८७१९, जारी मिति २०६५/१२/३०, जि.प्र.का. सिन्धुली) । |

**धितोको विवरण**

१. दुर्गा प्रसाद बराल (ना.प्र.नं. २०२१००१/१६५७, जारी मिति २०५८/०७/२७, जि.प्र.का. सिन्धुली) को नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिन्धुली जिल्ला, कुर्थौली गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. १४८, १४९, २२३ र १०६ को क्षेत्रफल क्रमशः १-१-१६-०, ०-३-०-०, ०-१-२-० र ०-५-०-० (बि.क.धु.क.) बमोजिमको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. रन्जु कुमारी बराल (चौलागाई) (ना.प्र.नं. २०१८४९/१९६/८७१९, जारी मिति २०६५/१२/३०, जि.प्र.का. सिन्धुली) को नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिन्धुली जिल्ला, कुर्थौली गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. १७१, १८४ र ३५८ को क्षेत्रफल क्रमशः ०-३-०-०, ०-२-०-० र ०-९-१६-२ (बि.क.धु.क.) बमोजिमको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. दिब्या हार्डवयरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मिति २०८३/०२/१४ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय बर्दिबास, महोत्तरीमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०२/१५ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय बर्दिबास, महोत्तरीमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय बर्दिबास, महोत्तरीमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : बर्दिबास, महोत्तरी
फोन नं. ०४४-५५०६४०
Website : www.siddharthabank.com


# शैक्षिक परामर्श व्यवसायमा शिक्षा मन्त्रालय र प्रहरीको शुद्धिकरण अभियान



काठमाण्डु । शिक्षा तथा खेलकुद मन्त्रालयले नेपाल प्रहरी र सम्बद्ध निकायको सहयोगमा शैक्षिक परामर्श व्यवसायमा देखिएका विकृति र विसङ्गति अन्त्यका लागि देशभर शुद्धीकरण अभियान सञ्चालन गरेको छ ।

'शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०७३' बमोजिम अनुमति नलिएका, विद्यार्थीलाई झुठो कागज र आश्वासन दिएर आर्थिक ठगी गरेका संस्थालाई अभियानकै रूपमा कारबाही सुरू गरिएको हो ।

शिक्षा र गृह मन्त्रालयको निर्देशन र समन्वयमा यही जेठ १ गते नेपाल प्रहरीको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले उपत्यकाका विभिन्न स्थानमा सञ्चालित ९५ शैक्षिक परामर्श (कन्सल्टेन्सी) संस्थामा एकैसाथ छापा मारेर कारबाही सुरू गरेकामा अब देशभर अभियान सञ्चालन गर्न लागेको जनाइएको छ ।

शैक्षिक परामर्शका नाममा ठगी र अवैध कारोबार भइरहेको जनगुनासोका आधारमा प्रहरीले यो विशेष 'अपरेसन' चलाएको हो । प्रहरीले छापा मार्ने क्रममा विभिन्न कन्सल्टेन्सीका सञ्चालक र कर्मचारी गरी ६९ जनालाई नियन्त्रणमा लिएको थियो ।

वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) सन्तोषकुमार खड्काका अनुसार छापा मारिएका मध्ये ३२ संस्थालाई कारबाहीका लागि कानुनी प्रक्रिया अघि बढाइएको छ । हालसम्म अवैध क्रियाकलाप नगरेका तथा दर्ता र नवीकरणका क्रममा रहेका संस्थाका प्रतिनिधिलाई हिरासतमुक्त गरिएको उहाँले बताउनुभयो ।

"अवैध कार्य रोक्न अनुसन्धान र कारबाहीको यो नियमित काम हो । विद्यार्थी-अभिभावकबाट ठगी भएको तथा कीर्ते गरिएको भनी गुनासो-उजुरी आएपछि अभियानका रूपमा कारबाही गरिएको हो", उहाँले भन्नुभयो ।

एसएसपी खड्काले वैदेशिक अध्ययनका क्रममा झुटो विवरण देखाइ कारोबार गर्ने, सरकारी निकायका छाप-लेटर प्याड अनधिकृत रूपमा बनाई प्रयोग गर्ने, विनादर्ता सञ्चालन भएकाजस्ता प्रकृतिका विकृतिप्रति निर्मम भएर कानुनी कारबाही अघि बढाइएको बताउनुभयो ।

शिक्षा मन्त्रालयले शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कक्षा र तयारी कक्षा सञ्चालनका लागि स्वीकृति प्राप्त गरेका संस्थालाई सार्वजनिक सूचना जारी गरी नवीकरण पटकपटक आह्वान गर्दै आएको छ । मन्त्रालयले स्वीकृति प्राप्त शैक्षिक परामर्श संस्था हो/होइन बुझेर मात्रै कारोबार गर्न, फ्रि भिसा, रोजगारीको ग्यारेन्टी तथा 'डिपेन्डेट' भिसा उपलब्ध गराउने जस्ता प्रलोभन देखाइएमा सूचना दिन मन्त्रालयले भनेको छ ।

अनुमति नलिइ शैक्षिक मेला, भेला तथा शैक्षिक प्रदर्शनीलगायत कार्य नगर्न पनि निर्देशन दिइएको मन्त्रालयका उपसचिव एवं शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखाका प्रमुख सेमन्तराज कोइरालाले बताउनुभयो ।

"हामीले नियमन गरेर गलत गर्नेलाई कारबाही गर्ने । अनुमति लिएर सही काम गर्ने आत्तिनु पर्दैन", उपसचिव कोइरालाले भन्नुभयो, "अहिले हामीले शैक्षिक परामर्श संस्थाको अभिलेखीकरण र अनलाइन प्रणालीलाई व्यवस्थित गरेका छौँ । र यो शुद्धीकरण अभियान देशभर सञ्चालन गर्नेछौँ ।" उपसचिव कोइरालाले विदेशमा पढ्न गएका विद्यार्थीको 'ट्र्याकिङ' गर्न तथा विदेशी विद्यार्थी पनि नेपालमा बढाउने कार्य गर्नुपर्नेमा जोड दिनुभयो ।

गृह मन्त्रालयका उपसचिव गणेश गैह्रेले सरकारको १०० बुँदे मार्गचित्र र नीति तथा कार्यक्रमका आधारमा विकृति र विसङ्गति अन्त्य गर्ने कार्य भइरहेको बताउँदै नियम कानुन मान्दा कुनै व्यवसायीलाई समस्या नहुने स्पष्ट गर्नुभयो ।

नेपाल शैक्षिक परामर्श व्यवसायी महासङ्घका अध्यक्ष राजेन्द्र बरालले शैक्षिक परामर्श व्यवसायलाई शुद्धीकरण गर्ने सरकारको अभियानमा आफूहरूको साथ रहने बताउँदै त्यसका नाममा सिङ्गो क्षेत्र नै बदनाम छ भन्ने सन्देश प्रवाह गरिनु नहुने धारणा व्यक्त गर्नुभयो ।रासस

# प्रतिपक्षीको विरोधका कारण बैठक अवरुद्ध भएपछि १५ मिनेटलाई स्थगित

काठमाण्डु । प्रतिनिधिसभा नियमावलीको दफा ५६ मा भएको व्यवस्था बमोजिम प्रधानमन्त्री संसद्मा उपस्थित भएर सांसदका प्रश्नको जवाफ दिनुपर्ने माग सांसदले गरेका छन् ।

प्रतिनिधिसभाको बिहीबारको बैठकको विशेष समय सकिएपछि प्रतिपक्षीले उठेर बिरोध जनाएकामा सभामुख डोलप्रसाद अर्यालले प्रतिपक्षी दल नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद ऐन महरलाई समय दिनुभएको थियो । उहाँले प्रधानमन्त्रीको उपस्थितिको माग गनुभएको थियो ।

प्रमले संसद्लाई छलेको भन्दै सांसद महरले नियम ५६ लाई अनदेखा गर्दा प्रम स्वेच्छाचारी हुने भएकाले सदनमा बोलाउन सभामुखसँग माग गर्नुभएको थियो। प्रत्यक्ष प्रश्न गर्न सकिने व्यवस्था नियमावलीमा भएकाले सभामुखले पहिलो हप्ताको कुनै एक घण्टा गर्ने व्यवस्था आज जेठको ७ गतेसम्म नभएकाले प्रमलाई उपस्थित गराएर सदन अघि बढाउन उहाँले माग गर्नुभयो ।

प्रतिपक्षी दल श्रम संस्कृति पार्टीका सांसद आरेन राईले विधि र नीतिको शासनभन्दा माथि हुने गरी नियमावली बाहिर गएर संसद चल्न नसक्ने भएकाले सभामुखले प्रधानमन्त्रीलाई बोलाउनलाई रुलिङ गर्न माग गर्नुभयो ।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का सासद युवराज दुलालले प्रम संसदप्रति जवाफदेही हुनुपर्ने व्यवस्था उल्लङ्घन भएको, संविधान मिचिएको र सार्वभौम जनताप्रतिको सम्मान यही हो भनी प्रमलाई बोलाउन माग गर्नुभएको थियो ।



राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसद खुस्बु ओलीले सदनमा १५ जनाले प्रमलाई प्रश्न सोध्न पाउने, त्यसमा सत्तापक्षकाले पनि सोध्न पाउने भएकाले प्रमलाई उपस्थित बोलाउन माग गर्नुभयो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद अशोककुमार चौधरीले कार्यसूची अनुसार संसद् अघि बढ्नुपर्ने बताउनुभयो । सभामुख अर्यालले पटक पटक सांसदलाई बस्न अनुरोध गर्दा नबसेपछि आजै १५ मिनेटका लागि बैठक स्थगित गरिएको छ । रासस

## छैटौं संस्करणको अन्नपूर्ण म्याराथन जेठ २० मा :

# तीन दिनको पदमार्ग चार घण्टामा

गण्डकी। हिमाल आरोहणको इतिहासमा आठ हजार मिटरभन्दा बढी उचाइको अन्नपूर्ण प्रथम हिमालको आरोहण पछि मात्रै विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण भएका कारण अन्नपूर्ण प्रथमलाई आरोहणको जेठो हिमालको उपमा दिइन्छ।

हिमाल आरोहणको इतिहासमा पहिलोपटक सन् १९५० जुन ३ मा फ्रान्सेली नागरिक मौरिस हर्जोगले समुद्री सतहबाट आठ हजार ९१ मिटर उचाइको अन्नपूर्ण प्रथम हिमालको सफल आरोहण गरेसँगै विश्वमा हिमाल आरोहणले चासो र चर्चा पाएको थियो। हर्जोजको टोलीले अन्नपूर्ण हिमालको आरोहण म्याग्दीतर्फको उत्तरी आधार शिविरबाट गरेका थिए।

हर्जोगको टोलीले अन्नपूर्ण प्रथम हिमालको आरोहण गरी विश्व कीर्तिमान राखेसँगै हिमाल आरोहणको क्रम बढ्यो नै यसले अन्नपूर्ण क्षेत्र विश्वव्यापी चासो र चर्चाको विषय बन्यो।

अन्नपूर्ण प्रथम आरोहणको सफलतापछि सन् १९५३ मे २९ मा तेन्जिङ नोर्गे शेर्पा र एडमण्ड हिलारीले विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण गरेका थिए।

अन्नपूर्ण हिमालको आरोहण भएको डेढ दशकपछि सन् १९६६ मा विश्वप्रख्यात पदयात्री एरिक सिप्टनले चार हजार १३० मिटर उचाइको अन्नपूर्ण आधार शिविरको पदयात्रा गरेसँगै अन्नपूर्ण क्षेत्र क्रमिक रुपमा पदयात्राका लागि आकर्षक गन्तव्य बन्दै गएको पाइन्छ।




हर्जोगको टोलीले अन्नपूर्ण प्रथमको आरोहण गरेसँगै गण्डकी प्रदेशमा पर्यटकीय गतिविधि बढेको र त्यसको एक दशकपछि सन् १९६० देखि पोखरामा 'हिप्पी' पर्यटकको आगमन भएको विषयले यहाँको पर्यटनसँग अन्नपूर्ण हिमाल प्रत्यक्ष रुपमा जोडिएको पर्यटनका जानकारहरू बताउँछन्।

अन्नपूर्ण प्रथमको महिमा र गरिमालाई उजागर गर्नकै लागि अन्नपूर्ण सेन्चुरी पर्यटन समितिले प्रत्येक २०७५ यता अन्नपूर्ण म्याराथन गर्दै आएको समितिका अध्यक्ष एवं म्याराथन संयोजक ललित गुरुङले बताउनुभयो। "अन्नपूर्ण हिमालको महिमा र गरिमालाई विश्वमाझ पुऱ्याउनका लागि २०७४ सालमा हामीले तत्कालीन प्रतिनिधिसभाका विकास समिति सभापति रविन्द्र अधिकारीको प्रमुख आतिथ्यतामा अन्नपूर्ण आधार शिविरमा पहिलोपटक अन्नपूर्ण महोत्सव गरेका थियौँ", उहाँले भन्नुभयो, "त्यसयता २०७५ देखि अन्नपूर्ण म्याराथन गर्दै आइएकोमा यस वर्ष जेठ २० गते (जुन ३) का दिन छैटौँ संस्करणको अन्नपूर्ण म्याराथन गर्न लागिएको छ।"

यस म्याराथनमा समुद्री सतहबाट चार हजार १३० मिटर उचाइको अन्नपूर्ण आधार शिविरबाट दौडिएर धावकहरू ४२.१९५ किलोमिटर दूरीमा रहेको घान्द्रुकमा आउँछन्। समान्यतः पदयात्रीले तीन दिनको समय लगाउने यस पदमार्गमा पहिलो हुने धावकहरूले चार घण्टा बढीको समयमा यो दूरी पार गर्ने गरेका छन्।

यसअघिका पाँचौ संस्करणसम्म प्रथम हुने धावकहरूले चार घण्टा १६ मिनेटदेखि चार घण्टा २७ मिनेटसम्ममा यो दूरी पार गरेको गुरुङले जानकारी दिनुभयो। "पदयात्राका क्रममा भने यो मार्ग पार गर्न तीन दिन लाग्छ", उहाँले भन्नुभयो, "पदयात्राका क्रममा पहिलो दिन पदयात्रीहरू आधार शविरबाट बम्बो या दोभान, दोस्रो दिन छोम्रोङ र तेस्रो दिन घान्द्रुक आउँछन्।"

अन्नपूर्ण आधार शिविरबाट सुरु हुने यो म्याराथन माछापुच्छ्रे आधार शिविर, बगर देउराली, हिन्कु केभ, हिमालय, दोभान, सिनुवा, भनुवा, छोम्रोङ, तउलु, घुर्जुङ, चुइँले, मेलाँचे, कोम्रोङडाँडा, किम्रोङखोला उरी हुँदै घान्द्रुकमा पुगेर सम्पन्न हुने अन्नपूर्ण सेन्चुरी पर्यटन समितिका सचिव मिकास गुरुङले जानकारी दिनुभयो।

अन्नपूर्ण प्रथम हिमाल हिमाल आरोहणको ७६ वर्ष पुगेको जानकारी दिँदै उहाँले अघिल्लो पाँचौँ संस्करणको म्याराथनलाई हीरक उत्सवका रुपमा मनाइएको बताउनुभयो। "यस संस्करणमा महिला तथा पुरुषतर्फ छुट्टाछुट्टै प्रतिस्पर्धाका लागि स्वदेशी एवं विदेशी धावकहरूले नाम दर्ता गराइरहनुभएको छ", उहाँले भन्नुभयो, "हालसम्म १३ विदेशीसहित ४० जना धावकहरूले नाम दर्ता गराइसक्नुभएको छ।"


यस वर्ष अर्जेन्टिनाका चर्चित धावक पाब्लो उरेटाले पनि म्याराथनमा भाग लिने निश्चित भएको उहाँले जानकारी दिनुभयो। म्याराथनमा पुरुष तथा महिलातर्फ पहिलो, दोस्रो र तेस्रो हुने धावकहरूले क्रमशः रु एक लाख ५० हजार, एक लाख र ७५ हजार नगदसहित प्रमाणपत्र पाउने प्रचारप्रसार संयोजक टंकराज अधिकारीले जानकारी दिनुभयो।

हिमाली भूगोल, साहसिक पदमार्गसँगै मनोरम प्राकृतिक सौन्दर्यका कारण यस म्याराथनप्रतिको आकर्षण बर्सेनि बढ्दै गएको उहाँको भनाइ छ। यस म्याराथनले अन्नपूर्ण प्रथमको मात्र नभएर समग्र गण्डकी प्रदेश र नेपालकै हिमाली पर्यटनमा विशिष्ट योगदान पुऱ्याउने उहाँले बताउनुभयो।

आरोहणको जेठो हिमाल अन्नपूर्ण प्रथमसहित गण्डकी प्रदेशभित्र धेरै अग्ला तथा विभिन्न उचाइका हिमाल रहेर पनि गण्डकीमा हिमाल आरोहणले अपेक्षित गति लिन नसकेको अवस्था यस किसिमका गतिविधिले विशेष महत्व राख्ने उहाँको भनाइ छ।

गण्डकी प्रदेशमा अन्नपूर्ण, धौलागिरि, मनास्लुजस्ता हिमशृङ्खला छन्। अन्नपूर्ण हिमशृङ्खलाअन्तर्गत सात हजार मिटरभन्दा बढी उचाइका अन्नपूर्ण पहिलोसहित, दोस्रो, तेस्रो र चौथो, अन्नपूर्ण साउथ, गङ्गापूर्ण, बराह शिखर हिमाल छन्। अन्नपूर्ण शृङ्खलाअन्तर्गत नै तिलिचो पिक, नीलगिरि, लम्जुङ आदि हिमाल रहेका छन्। रासस

# मध्यपूर्व सङ्कट समाधानका लागि सबै मोर्चामा युद्ध अन्त्य गर्ने लक्ष्य : बाघाई




रासस/एएफपी। इरानले अमेरिकासँगको शान्ति वार्तामा आफ्नो प्राथमिकता सबै मोर्चामा युद्ध अन्त्य गर्नु रहेको बताएको छ।

"अहिले हाम्रो प्राथमिकता लेबनानलगायत सबै मोर्चामा युद्ध अन्त्य गर्नु हो," विदेशमन्त्रालयका प्रवक्ता बाघाईले भन्नुभयो। "तेहरानका मुख्य मागहरूमा रोक्का गरिएको इरानी सम्पत्तिको फुकुवा, समुद्री मार्गमा कथित अवरोधहरू हटाउने र इरानी जहाजहरूलाई लक्षित गर्ने कारबाही बन्द गर्ने रहेका छन्," उहाँले थप्नुभयो।

उहाँले भन्नुभयो, "तेहरानले सबै गम्भीरता र राम्रो विश्वासका साथ वार्ता गरिरहेको छ। तर अमेरिका पनि इमानदार हुनुपर्छ।"

उहाँले विगत डेढ वर्षमा वाशिङ्गटनको इरानलाई हेर्ने नीति निकै अविवेकी छ, त्यसैले त्यहाँ गहिरो अविश्वास र वार्ताको वातावरण छ। उहाँले भन्नुभयो, "हाम्रो आँखा खुला छ र हाम्रो सेना पूर्ण रूपमा सतर्क छ।" उहाँले इरानले सचेतताका साथ वार्ता जारी राख्ने पनि बताउनुभयो।

यसैबीच, इरानका विदेशमन्त्री अब्बास अराघचीले पाकिस्तानका आन्तरिक मामिला मन्त्री मोहसिन नाक्वीसँग भेटवार्ता गर्नुभएको छ। नाक्वी यसै साता दोस्रो पटक तेहरान पुग्नुभएको छ। उहाँले इरानका राष्ट्रपति, आन्तरिक मामिलामन्त्रीसँग पनि वार्ता गर्नुभएको छ।

आइएसएनएको रिपोर्ट अनुसार राष्ट्रपति मसुद पेजेस्कियनले बैठकमा नक्वीसँग क्षेत्रीय अवस्था, अप्रत्यक्ष इरान-अमेरिका वार्ता र युद्ध अन्त्यका लागि भएको कूटनीतिक प्रयास बारेमा छलफल गर्नुभएको थियो। रासस

# अफ्रिकी राष्ट्रहरूमा इबोलाको प्रकोपपछि चौथो भारत अफ्रिका शिखर सम्मेलन स्थगित



रासस/एएफपी।प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा घातक इबोलाको प्रकोपपछि भारत र अफ्रिकी सङ्घले अर्को हप्ता नयाँ दिल्लीमा हुने तय भएको शिखर सम्मेलन स्थगित गरेका छन्।

"महाद्वीपमा फैलिँदो अवस्थामा रहेको इबोला सङ्क्रमणको प्रकोपलाई ध्यानमा राख्दै दुवै पक्ष चौथो भारत-अफ्रिका शिखर सम्मेलनलाई स्थगित गर्न सहमत भएका छन्," भारतीय विदेश मन्त्रालयद्वारा दिइएको जानाकारीमा भनिएको छ। भारत-अफ्रिका मञ्च शिखर सम्मेलन मे २८ देखि ३१ सम्म नयाँ दिल्लीमा हुने तय भएको थियो।

भारतले अफ्रिका सिडिसीको नेतृत्वमा विकसित स्वास्थ्य अवस्थालाई सम्बोधन गर्ने प्रयासमा योगदान दिन तयार रहेको बताएको छ।

विश्व स्वास्थ्य सङ्गठनले बुधबार भनेको छ, "घातक इबोला प्रकोपको जोखिम मध्य अफ्रिकामा उच्च छ तर विश्वव्यापी रूपमा कम छ, यो भाइरस सम्भवतः महिनौँदेखि फैलिरहेको छ।"

प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा शुक्रबार सङ्क्रामक अत्यधिक रक्तस्रावी ज्वरो (इबोला) को प्रकोपको घोषणा गरिएको छ।

अफ्रिकामा पछिल्लो आधा शताब्दीमा इबोलाका कारण १५ हजारभन्दा बढीको मृत्यु भइसकेको छ।

प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा १७ औँ पटकको इबोला प्रकोपबाट करिब ६०० जना सङ्क्रमित भएको र १३९ जनाको मृत्यु भएको आशङ्का गरिएको छ।

दिल्लीको अन्तर्राष्ट्रिय विमानस्थलले बिहीबार प्रजातान्त्रिक गणतन्त्र कङ्गो, छिमेकी युगान्डा र दक्षिण सुडानबाट भारत आउने यात्रुहरूका लागि स्वास्थ्य परामर्श सेवा लिन सूचना जारी गरेको छ।

नयाँदिल्लीले 'महाद्वीपमा सार्वजनिक स्वास्थ्य तयारी र प्रतिक्रिया क्षमतालाई सुदृढ पार्न निरन्तर सहयोगको महत्व' मा जोड दिएको छ, शिखर सम्मेलनको लागि नयाँ मिति पछि तय गरिने बताइएको छ।

# स्पेसएक्सको ऐतिहासिक आइपिओ तयारी



रासस/एएफपी। एलन मस्कको अन्तरिक्ष कम्पनी स्पेसएक्सले इतिहासकै सबैभन्दा ठूलो प्रारम्भिक सार्वजनिक प्रस्ताव (आइपिओ) ल्याउने तयारी सार्वजनिक गरेको छ। बुधबार सार्वजनिक गरिएको प्रोस्पेक्टसअनुसार कम्पनीले दर्जनौँ अर्ब डलर बराबरको सेयर बिक्री योजना अघि सारेपछि यसले विश्व वित्तीय बजारमा ठूलो चासो र बहस सिर्जना गरेको छ।

फाइलिङले देखाएअनुसार स्पेसएक्सले गत वर्ष आठ अर्ब ७० करोड डलर राजस्व कमाए पनि सञ्चालनतर्फ पाँच अर्ब ६० करोड डलर घाटा व्यहोरेको थियो। कम्पनीले यो वर्षको सुरुआती महिनाहरूमा पनि घाटा निरन्तर रहेको उल्लेख गरेको छ।

कम्पनीले उठाउन चाहेको रकम औपचारिक रूपमा नखुलाए पनि विभिन्न अन्तर्राष्ट्रिय रिपोर्टहरूले प्रस्तावको आकार ७५ अर्ब डलर वा त्योभन्दा माथि पुग्न सक्ने बताएका छन्। यदि त्यस्तो भयो भने, यो आइपिओले सात वर्षअघि २६ अर्ब डलर उठाएर कीर्तिमान बनाएको साउदी अरामकोलाई सहजै उछिन्नेछ।

औपचारिक नाम स्पेस एक्सप्लोरेसन टेक्नोलोजी कर्पोरेसन रहेको स्पेसएक्सले यस सेयर बिक्रीबाट उठ्ने रकम मानवलाई बहुग्रहीय प्रजाति बनाउने महत्त्वाकांक्षी योजनामा प्रयोग गरिने जनाएको छ। कम्पनीका अनुसार चन्द्रमा र मङ्गल ग्रहमा मानव बस्ती स्थापना गर्ने परियोजनालाई आर्थिक रूपमा बलियो बनाउन यो पूँजी प्रयोग हुनेछ। फाइलिङमा सभ्यतालाई समाप्त गर्न सक्ने अस्तित्वगत जोखिमको चर्चा गर्दै 'मानव जातिको भाग्य डायनासोरजस्तो नहोस् भन्ने हाम्रो चाहना हो' भनिएको छ।

प्रोस्पेक्टसका केही अंश विज्ञान-कथाजस्ता देखिन्छन्। एउटा खण्डमा मस्कले 'कम्तीमा १० लाख जनसङ्ख्या भएको स्थायी मानव उपनिवेश मङ्गल ग्रहमा स्थापना गर्न सफल भएमा' मात्र विशेष क्षतिपूर्ति प्राप्त गर्ने उल्लेख गरिएको छ।

यो आइपिओले मस्कलाई १० खर्ब डलरभन्दा बढी सम्पत्ति हुने विश्वको पहिलो व्यक्ति बनाउने सम्भावना पनि बलियो बनाएको छ। फोर्ब्सका अनुसार हाल मस्कको अनुमानित सम्पत्ति आठ खर्ब ३९ अर्ब डलर रहेको छ। मस्कले सन् २००२ मा स्थापना गरेको स्पेसएक्समा उहाँ प्रमुख स्वामित्वकर्ता हुनुहुन्छ।

पुनः प्रयोग गर्न मिल्ने रकेटमार्फत अन्तरिक्ष यात्रीलाई कक्षामा पुऱ्याउने मुख्य व्यवसायसँगै स्पेसएक्सले अन्य विविध व्यवसाय पनि सञ्चालन गरिरहेको छ। तीमध्ये सबैभन्दा सफल व्यवसायमध्ये स्टारलिङ्क एक हो।

दस्तावेजअनुसार स्टारलिङ्कले गत वर्ष चार अर्ब ४० करोड डलर सञ्चालन आम्दानी गरेको थियो। कम्पनीले न्यून पृथ्वी कक्षामा रहेका करिब १० हजार उपग्रहमार्फत १५० देश तथा क्षेत्रमा एक करोड मानिसलाई इन्टरनेट सेवा दिइरहेको जनाएको छ।

तर कम्पनीका सबै परियोजना सफल छैनन्। हालै स्पेसएक्सले मस्ककै स्वामित्वमा रहेका सामाजिक सञ्जाल प्लेटफर्म एक्स र कृत्रिम बौद्धिकता (एआई) एक्सएआई अधिग्रहण गरेको थियो। यी दुवै कम्पनी ठूलो घाटामा रहेका कारण केही लगानीकर्ताले उक्त खरिदलाई 'बेलआउट' भन्दै आलोचना गरेका थिए।

# महिला फुटबल टोलीको प्रगति प्रशंसनीय: मन्त्री पोखरेल



काठमाण्डु। शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले खेलकुद क्षेत्रको विकास र खेलाडीको सम्मानका लागि सरकारले सक्दो प्रयास गर्ने बताउनुभएको छ।

दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) महिला च्याम्पियनसिपमा सहभागी हुन लागेको नेपाली राष्ट्रिय महिला फुटबल टीमका खेलाडीलाई आज मन्त्रालयमा बिदाइ गर्दै मन्त्री पोखरेलले सीमित स्रोतसाधनका बाबजुद खेलाडीको सम्मान र खेलकुद विकासलाई प्राथमिकता दिइने उल्लेख गर्नुभयो।

मन्त्री पोखरेलले नेपाली फुटबलमा महिला फुटबल टोलीको प्रदर्शनी उत्कृष्ट रहेको तथा राष्ट्रिय र अन्तरराष्ट्रिय प्रतियोगितामा हासिल गरेको उपाधि प्रशंसनीय रहेको बताउनुभयो।

उहाँले सीमित स्रोतसाधनको अधिकतम सदुपयोग गरेर खेलकुद क्षेत्रको विकास र खेलाडी सम्मानलाई सरकारकोतर्फबाट सकेसम्म बढाउने प्रयत्न गरिने बताउनुभयो। कार्यक्रममा मन्त्री पोखरेलले खेलाडीलाई राष्ट्रिय झण्डा र जर्सी हस्तान्तरण गर्नुभएको थियो।

अखिल नेपाल फुटबल सङ्घ (एन्फा) का अध्यक्ष पङ्कज विक्रम नेम्वाङले सरकारको नीतिअनुसार नेपाली फुटबलले नयाँ उचाइ लिने विश्वास व्यक्त गर्नुभयो।

यही जेठ ११ गतेदेखि २४ गतेसम्म भारतको मडगाओ गोवामा साफ महिला च्याम्पियनसिप सञ्चालन हुनेछ। नेपाली महिला फुटबल टोली जेठ ८ गते भारत प्रस्थान गर्ने र प्रतियोगिता सम्पन्नपछि जेठ २५ गते स्वदेश फर्किने कार्यक्रम रहेको छ। रासस

# दमकका नेपाललाई खुला राष्ट्रिय बुद्धिचाल प्रतियोगिताको उपाधि



खोटाङ। जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारमा सम्पन्न खुला राष्ट्रिय बुद्धिचाल प्रतियोगिताको उपाधि झापास्थित दमकका प्रकाशचन्द्र नेपालले चुम्नुभएको छ।

नेपाल खेलकुद प्रतिष्ठान खोटाङ र नेपाल सितोरियो कराते सङ्घ खोटाङले संयुक्त रुपमा आयोजना गरेको 'तेस्रो बृहत् खोटाङ-हलेसी खेलकुद, साहित्यिक तथा पर्यटन महोत्सव-२०८३' को अवसरमा बुधबार सम्पन्न प्रतियोगितामा नेपालले भारतको सिक्किम निवासी राहुल गुरुङलाई हराउँदै उपाधि जित्नुभएको हो।

दिक्तेलस्थित जिल्ला समन्वय समितिको सभाहलमा आयोजना गरिएको प्रतियोगितामा सिक्किमकै थेण्डुप तामाङ तेस्रो हुनुभएको निर्णयक मण्डलले जानकारी दिएको छ। प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो हुने खेलाडीले क्रमशः नगद रु २५ हजार, रु १५ हजार र रु दश हजारको साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको आयोजक नेपाल खेलकुद प्रतिष्ठना खोटाङका अध्यक्ष सञ्जयकुमार राईले जानकारी दिनुभएको छ।

द ॆ श भ र क ा खेलाडीले सहभागिता जनाएको प्रतियोगितामा ताप्लेजुङका डिमा शेर्पा चौथो र झापाका सुशान्त दाहाल पाँचौँ हुनुभएको छ। चौथो र पाँचौँ हुने खेलाडीले क्रमशः नगद रु आठ हजार र रु सात हजारको साथमा मेडल र प्रमाणपत्र प्राप्त गर्नुभएको छ।

प्रतियोगितामा दोलखाका कविन्द्र सिवाकोटी छैटौं, दिक्तेलका रिदिप केसी सातौं, विराटनगरका उमेश राई आठौं, हलेसीका मेजर राई नवौं र बुइपाका धीरेन राई दशौं हुनुभएको जनाइएको छ। चौथोदेखि माथि दशौंसम्मका सबै खेलाडीलाई जनही नगद रु पाँच हजारसहित मेडल र प्रमाणपत्र प्रदान गरिएको प्रतिष्ठानका सचिव मिलन कसजूले जानकारी दिनुभएको छ।

एक दिवसीय प्रतियोगितामा खोटाङको बराहपोखरी गाउँपालिका निवासी खिलराज राई कोशी प्रदेश प्रथम, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-६ नेर्पाका हरिभक्त राई दोस्रो घोषित हुनुभएको छ। उनीहरूले क्रमशः नगद रु पाँच हजार र रु चार हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नुभएको आयोजकले जनाएको छ।

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१२ जालपाका बमबहादुर राई खोटाङ प्रथम, जालपाकै ज्ञानबहादुर श्रेष्ठ खोटाङ दोस्रो र नेर्पाका प्रभुराम राई खोटाङ तेस्रो हुनुभएको छ। उनीहरूले जनही क्रमशः नगद रु चार हजार, रु तीन हजार र रु दुई हजारको साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नुभएको छ।

बुद्धिचाल सङ्घ खोटाङको संयोजनमा आयोजना गरिएको प्रतियोगितामा देशभरका ५१ खेलाडीले सहभागिता जनाएका थिए। विजेता खेलाडीहरूलाई जिल्ला समन्वय समिति खोटाङका प्रमुख सनबहादुर राईले नगदसहित पुरस्कार वितरण गर्नुभएको हो।

यही जेठ ३ गतेदेखि सुरु भएको खेलकुद, साहित्यिक तथा पर्यटन महोत्सवको पहिलो दिन दौड प्रतियोगिता आयोजना गरिुकाउ थियो। छुट्टाछुट्टै उमेर समूह विभाजन गरेर छ विद्यामा आयोजना गरिएको दौड प्रतियोगितामा जिल्लाभित्र तथा बाहिरकागरी ७५५ जना धावकले एकैसाथ सहभागिता जनाएका थिए।

छ दिनसम्म सञ्चालन हुने महोत्सवअन्तर्गत जेठ-९ गते ख्यातिप्राप्त साहित्यकारहरूबीच आ-आफ्नो सिर्जना सुनाउने र सुन्न कार्यक्रम राखिएको छ। नेपाल प्रज्ञा प्रतिष्ठानसँगको सहकार्यमा आयोजना गरिने साहित्यिक महोत्सवमा कविता, जगल र मुक्तक सुनाउने र सुन्न कार्यक्रम राखिएको आयोजकले जनाएको छ।

महोत्सव उद्घाटनको अवसरमा आयोजकले पत्रकार सविना अछामे परियारलाई रु ११ हजार १११ नगदसहित पुरस्कृत गरेको छ। कार्यक्रम समापनको अवसरमा जेठ ९ गते विभिन्न विद्यामा महत्वपूर्ण योगदान गर्ने पाँचजना व्यक्तिलाई नगदसहित सम्मान गरिने आयोजकले जानकारी दिएको छ।

महोत्सव सम्पन्न गर्न रु ३० लाख १३ हजार २३२ बजेट लाग्ने अनुमान गरिएको आयोजक नेपाल सितोरियो कराते सङ्घ खोटाङका अध्यक्ष सुमन राईले जानकारी दिनुभएको छ। महोत्सवका लागि जिल्ला समन्वय समिति खोटाङका प्रमुख सनबहादुर राईको संयोजकत्वमा मूल आयोजक समिति गठन गरेर कार्यक्रम सञ्चालन गरिएको हो। रासस

## पूर्वअर्थमन्त्रीहरुका सुझावः
# आर्थिक सुधारदेखि खर्च कटौतीसम्मका विषयमा जोड



काठमाण्डु । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले आठ पूर्वअर्थमन्त्रीसँग भेट गरी आगामी बजेटमा समावेश गर्नुपर्ने विषयवस्तुबारे सुझाव लिनुभएको छ ।

आगामी आर्थिक वर्षको बजेट निर्माण अन्तिम चरणमा रहेको उल्लेख गर्दै अर्थमन्त्री डा वाग्लेले पूर्वअर्थमन्त्री तथा अर्थविद्हरूसँग सुझाव माग्नुभएको हो । भेटका क्रममा मन्त्री डा वाग्लेले सुशासनको जगमा टेकेर आमनेपालीको जीवनस्तर बृहत्तर बनाउने बजेट ल्याउन तयारी भएको जानकारी दिनुभएको छ । आगामी आवको बजेट निर्माणमा पूर्वअर्थमन्त्रीसँग सुझाव लिने क्रममा विगतका अनुभव र सकारात्मक अभ्यासलाई अनुशरण गर्दै नयाँ परिस्थितिमा बजेट निर्माण गरिने उहाँले बताउनुभयो ।

अर्थमन्त्री डा वाग्लेले देश र जनताको हितका लागि सबैले आ-आफ्नो समयअनुसार अर्थ मन्त्रालयको नेतृत्व गरेको उल्लेख गर्दै परिस्थिति अनुकूल वा प्रतिकूल भए पनि उद्देश्य समान रहेको बताउनुभयो । उहाँले विगतका उपलब्धि र कमजोरी समीक्षा गर्दै सकारात्मक अभ्यासलाई निरन्तरता दिइने धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, “हामी तपाईंहरूले गर्नुभएको राम्रो कामको अनुशरण गर्दै अघि बढ्छौँ । हाम्रा अग्रजले देखाएको बाटोमै हिँड्ने हो । यही व्यवस्था र यही राजनीतिक उपलब्धिबाट समृद्धि हासिल गर्ने हो ।”

छलफलमा सहभागी पूर्वअर्थमन्त्रीहरुले आगामी बजेटका लागि आर्थिक सुधार, राजस्वको यथार्थ लक्ष्य, खर्च कटौती, निजी क्षेत्रको मनोबल वृद्धि तथा उत्पादनमुखी क्षेत्रमा लगानी बढाउन सुझाव दिनुभएको छ । पूर्वअर्थसचिव रामेश्वर खनालले उच्चस्तरीय आर्थिक सुधार कार्यदलको प्रतिवेदन कार्यान्वयन गर्न आग्रह गर्दै तयारीविहीन र टुक्रे आयोजनामा बजेट नछर्न सुझाव दिनुभयो । उहाँले विद्युत् क्षेत्रमा मूल्य अभिवृद्धि कर नलगाउन आग्रह गर्नुभयो ।

पूर्वअर्थमन्त्री शङ्कर कोइरालाले पुराना आर्थिक प्रतिवेदनको अध्ययन गरी नीतिनिर्माण गर्नुपर्ने धारणा राख्दै विद्युत् व्यापारमा निजी क्षेत्रलाई खुला गर्न, औद्योगिक क्षेत्र विस्तार गर्न तथा हेजिङ नीति अघि बढाउन सुझाव दिनुभयो । पूर्वअर्थमन्त्री डा युवराज खतिवडाले अत्यधिक महत्वाकाङ्क्षी राजस्व लक्ष्य नराख्न सुझाव दिँदै राजस्व वृद्धिदर १० देखि १२ प्रतिशतको सीमाभित्र राख्नुपर्ने बताउनुभयो । उहाँले करिब रु २० खर्बको बजेट ल्याउन तथा वित्तीय क्षेत्र सुधार र निजी क्षेत्रको मनोबल बढाउनुपर्ने धारणा व्यक्त गर्नुभयो । उहाँले राष्ट्रिय गौरवका आयोजनामा देखिएको अव्यवस्थित प्रवृत्ति अन्त्य गर्नुपर्ने, कृषिमा अनुदानलाई प्रभावकारी बनाउनुपर्ने तथा वित्तीय क्षेत्र सुधारमा नेपाल राष्ट्र बैंकसँग समन्वय आवश्यक रहेको बताउनुभयो ।

पूर्वअर्थमन्त्री डा प्रकाशचन्द्र लोहनीले सरकार र निजी क्षेत्रबीच सहकार्य बढाउनुपर्नेमा जोड दिँदै साना, मझौला तथा ठूला उद्योगलाई समान रूपमा प्रोत्साहन गर्ने नीति आवश्यक रहेको बताउनुभयो । उहाँले कृषिउपजको भारतीय बजार खोज्न आर्थिक संवाद आवश्यक रहेको धारणा राख्नुभयो ।

पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेले ठूला आयोजनाको सङ्ख्या घटाएर सीमित राष्ट्रिय गौरवका आयोजनामा केन्द्रित हुन सुझाव दिनुभयो । उहाँले भूमि प्रयोगसम्बन्धी कानुन सुधार आवश्यक रहेको उल्लेख गर्दै पर्यटन क्षेत्रको विकासमा विशेष योजना ल्याउनुपर्ने बताउनुभयो ।

पूर्वअर्थमन्त्री डा प्रकाशशरण महतले सामाजिक सुरक्षा भत्तालाई लक्षित वर्गमा सीमित गर्नुपर्ने र सरकारी उद्योग तथा सम्पत्तिलाई ‘लिज’ मोडलमा सञ्चालन गर्न सकिने धारणा व्यक्त गर्नुभयो । उहाँले वैदेशिक ऋण घटाउन र ठूला ठेक्कामा हुने सम्भावित मिलेमतो रोक्नुपर्ने सुझाव दिनुभयो । पूर्वअर्थमन्त्री वर्षमान पुनले विगतका पूर्वाधार निर्माणको प्रतिफल कमजोर देखिएको उल्लेख गर्दै पर्यटन पूर्वाधारमा लगानी बढाउनुपर्ने धारणा राख्नुभयो । उहाँले भारतीय मध्यम वर्गलाई आकर्षित गर्न ‘हिल स्टेशन’ तथा विवाह गन्तव्य विकास गर्नुपर्ने सुझाव दिनुभयो ।

पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलले खर्चको वास्तविक आँकलनका आधारमा बजेट निर्माण गर्नुपर्ने बताउँदै खानी तथा प्राकृतिक स्रोतको उपयोगका विषयमा साहसी निर्णय आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो । उहाँले बूढीगण्डकीजस्ता ठूला परियोजनालाई कार्यान्वयनमा लैजानुपर्ने सुझाव दिनुभयो ।

पूर्वअर्थमन्त्री जनार्दन शर्माले बजेटलाई राजनीतिक प्रतिबद्धता कार्यान्वयन गर्ने दस्तावेजका रूपमा व्याख्या गर्दै सरकारी खर्च कटौती आवश्यक रहेको बताउनुभयो । उहाँले खानी उत्खनन, औषधि उद्योग, रासायनिक मल उद्योग तथा सीपयुक्त जनशक्ति उत्पादनमा लगानी बढाउनुपर्ने धारणा राख्नुभयो ।

छलफलमा सहभागी अधिकांश पूर्वअर्थमन्त्रीले आर्थिक सुधारलाई गति दिन, निजी क्षेत्रको विश्वास अभिवृद्धि गर्न, खर्च नियन्त्रण गर्न तथा उत्पादनमुखी क्षेत्रमा लगानी बढाउनुपर्नेमा साझा धारणा व्यक्त गरेका थिए । रासस

# चितवनमा मह उत्पादनमा कमी



चितवन । जिल्लामा यस वर्ष मह उत्पादनमा कमी आएको छ । गत वर्षको तुलनामा यस वर्ष १६ दशमलव ६६ प्रतिशतले मह उत्पादनमा कमी आएको हो ।

मौरीपालन विकास केन्द्र भण्डाराका प्रमुख सुजन अंगाईका अनुसार यस वर्ष ४५० मेट्रिक टन मह उत्पादन भएको छ । गत वर्ष ५४० मेट्रिक टन मह उत्पादन भएको थियो । जिल्लामा १७ हजार ५०० घार मेलीफेरा मौरी पालिँदै आइएको छ । यस वर्ष बेमौसमी वर्षाका कारण मह उत्पादनमा कमी आएको हो । उहाँले भन्नुभयो, “बेमौसमी वर्षाका कारण तोरी र चिउरीमा उत्पादन कमी भएको छ ।” तोरीमा एक पटकमा तीन चोटीसम्म मह काट्ने किसानले यस पटक बढीमा दुई पटक मह काटेको उहाँले बताउनुभयो । यस्तै चिउरीमा पाँच पटकसम्म मह काटिन्थ्यो भने यस पटक तीन पटक मात्र काटेका छन् । अहिले घारको सङ्ख्या बढे पनि उत्पादनमा कमी आएको उहाँले जानकारी दिनुभयो ।

गत वर्षमा मौरीपालक किसानमध्ये ७० प्रतिशतले छ पटकसम्म मह काट्ने गरेको भए पनि बेमौसमी वर्षातका कारण अहिले ३० प्रतिशत किसानले मात्र छ पटक मह निकालेका छन् । जिल्लामा ४५० जना व्यावसायिक मौरीपालक किसान रहेका छन् । जिल्लामा विशेष गरी चिउरी र तोरीको मह ८० प्रतिशत उत्पादन हुँदै आएको छ । बीस प्रतिशत मह रुदिलो, फापर, पड्के, लिचीलगायतबाट उत्पादन हुने गरेको उहाँले जानकारी दिनुभयो । रासस


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय हरिवन, सर्लाहीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०२/०८ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८२/११/१८ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिकमा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

**१.** सर्लाही जिल्ला, शंकरपुर गा.वि.स. वडा नं. ३ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४/साझेदारी ऐन, २०२० बमोजिम प्रदेश सरकार (प्रदेश नं. २), उद्योग, पर्यटन, तथा वन वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा मिति २०७१ साल कार्तिक महिना २६ गते रोज ४ मा प्रा.फ.नं. ३३८९/०७१/०७२ तथा आन्तरिक राजश्व कार्यालय जनकपुरमा मिति २०७१/०७/२६ मा स्थायी लेखा नम्बर (PAN) ६०२६३१६५७ अन्तर्गत दर्ता कायम भएको **न्यु लक्ष्मी इम्पेक्स** ।

**प्रोप्राईटर : राजनन्दन चौधरी**

**ऋणी तथा ऋणी (१) को व्यक्तिगत जमानतकर्ताको विवरण**

**२.** राम बहादुर चौधरीको बुहारी, विन्देश्वर चौधरीको पत्नी, सर्लाही जिल्ला, साविक शंकरपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, बाग्मती न.पा. वडा नं. ८ बस्ने **राजपति देवी कल्वार** (ना.प्र.नं. ६७७६०१/००८, जारी मिति २०४४/१२/०१, जि.प्र.का. सर्लाही) ।

**ऋणी (१) र (२) को संयुक्त व्यक्तिगत जमानतकर्ताको विवरण**

| | |
|---|---|
| १. राम बहादुर चौधरीको नाति, बिन्देस्वर चौधरीको छोरा, सर्लाही जिल्ला, साविक शंकरपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, बागमती न.पा. वडा नं. ८ बस्ने **राजनन्दन चौधरी** (ना.प्र.नं. ०८९०१६७५६, जारी मिति २०५३/१२/२७, जि.प्र.का. सर्लाही) । | २. लखन चौधरीको नाति, राम वहादुर चौधरीको छोरा, सर्लाही जिल्ला, साविक शंकरपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, बागमती न.पा. वडा नं. ८ बस्ने **बिन्देश्वर चौधरी** (ना.प्र.नं. ६७७६०१९७, जारी मिति २०४४/१२/०१, जारी जि.प्र.का. सर्लाही) । |

**धितोको विवरण**

१. **ऋणी १ को पक्षमा रोक्का कायम रही ऋणी २ को पक्षमा पुनः धितोबन्धकी कायम रहेको** राजपति देवी कलवार (ना.प्र.नं. ६७७६१९८, जारी मिति २०४४/१२/०१, जि.प्र.का. सर्लाही) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सर्लाही जिल्ला, साविक राजघाट गा.वि.स./न.पा. वडा नं. ५, नारायणपुर हाल सर्लाही जिल्ला, बागमती न.पा. वडा नं. ८ स्थित कि.नं. ५९३ को क्षेत्रफल ०-१०-० (विघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. **ऋणी १ को पक्षमा रोक्का कायम रही ऋणी २ को पक्षमा दोहोरो धितोबन्धकी कायम रहेको** बिन्देश्वर चौधरी (ना.प्र.नं. ६७७६०१९७, जारी मिति २०४४/१२/०१, जि.प्र.का. सर्लाही) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सर्लाही जिल्ला, साविक राजघाट गा.वि.स./न.पा. गणेशपुर हाल सर्लाही जिल्ला, बागमती न.पा. वडा नं. ८ स्थित कि.नं. १९१ को क्षेत्रफल ०-५-५ (विघा) र सर्लाही जिल्ला, साविक राजघाट गा.वि.स./न.पा. आत्मपुर क हाल सर्लाही जिल्ला, बागमती न.पा. वडा नं. ५ स्थित कि.नं. १३६ को क्षेत्रफल ०-१०-० (विघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

३. न्यू लक्ष्मी इम्पेक्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०२/२२ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय हरिवन, सर्लाहीमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०२/२३ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय हरिवन, सर्लाहीमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नुपर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माद्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शूल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय हरिवन, सर्लाहीमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : हरिवन, सर्लाही
फोन नं. ०४६-५३०४७४
Website : www.siddharthabank.com


# दश महिनामा पाँच लाख ७३ हजार बढी पर्यटक मुस्ताङ भित्रिए



मुस्ताङ । चालु आर्थिक वर्ष २०८२/८३ को दश महिनामा पाँच लाख ७३ हजार ९७७ जना पर्यटक मुस्ताङ भित्रिएका छन् । चालु आवको साउनदेखि वैशाखसम्म आन्तरिक तथा बाह्य गरी उक्त सङ्ख्यामा पर्यटक मुस्ताङ भित्रिएका जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

दश महिनामा चार लाख २० हजार ८६ आन्तरिक र एक लाख ५३ हजार ८९१ जना बाह्य पर्यटक मुस्ताङ भित्रिएका जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिनुभयो । आन्तरिकतर्फ दुई लाख १९ हजार ८१७ पुरुष र दुई लाख २६९ जना महिला पर्यटक मुस्ताङ भित्रिएका जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कमा उल्लेख छ । यसैगरी बाह्यतर्फ ९० हजार ९५७ पुरुष र बाँकी महिला पर्यटक मुस्ताङ भित्रिएका प्रहरी निरीक्षक बस्यालले उल्लेख गर्नुभयो ।

म्याग्दी र मुस्ताङको सिमाना थासाङ गाउँपालिका-४ घाँसास्थित प्रहरी चेक पोस्टमा प्रविष्ट भएको प्रहरी तथ्याङ्कअनुसार सबैभन्दा कम साउनमा १९ हजार ७९१ र सबैभन्दा बढी वैशाख महिनामा एक लाख पाँच हजार ५०३ जना आन्तरिक तथा बाह्य पर्यटक मुस्ताङ भित्रिएका हुन् ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक बस्यालका अनुसार चालु आवको साउनदेखि वैशाख महिनासम्म कोरला सडकको म्याग्दी हुँदै एक लाख ३१ हजार ६७२ वटा विभिन्न प्रकारका सवारीसाधन मुस्ताङ भित्रिएका छन् । वसन्त ऋतुको आगमनसँगै अनुकूल पर्यटकीय याम चैत र वैशाख महिनामा सबैभन्दा बढी पर्यटक भित्रिएका उहाँको भनाइ छ ।

यसैगरी हिउँदयाम अघिको असोजमा ७५ हजार ५९९ र कात्तिकमा ८३ हजार ७६६ आन्तरिक तथा बाह्य पर्यटक मुस्ताङ भित्रिएको प्रहरी तथ्याङ्कले देखाएको छ । बर्खायामको सुरुवाती समयको अनुकूल याममा मुस्ताङ भ्रमण गर्नेको घुइँचो बढ्ने गरेको हो ।

अनुकूल यामको मौका छोपेर उल्लेख्य सङ्ख्यामा भारतीय पर्यटक र नेपाली पर्यटक मुक्तिनाथ मन्दिरको दर्शन गर्न आउने गरेका प्रहरी चेक पोस्टमा प्रविष्ट तथ्याङ्कले देखाएको छ । मुस्ताङ भित्रिएका बाह्य पर्यटकको सङ्ख्यामध्ये ८० प्रतिशत बढी भारतीय पर्यटक हुने गरेका प्रहरी निरीक्षक बस्यालको भनाइ छ ।

गत आर्थिक वर्षमा सात लाख पाँच हजार ७७९ जना पर्यटकले मुस्ताङको भ्रमण गरेका थिए । गतवर्ष भित्रिएका पर्यटकमध्ये पाँच लाख ५५ हजार ३२६ जना आन्तरिक र एक लाख ५० हजार ४५३ जना बाह्य रहेका प्रहरी निरीक्षक बस्यालले जानकारी दिनुभयो । चालु आवको भदौमा जेनजी युवाको आन्दोलन, अमेरिका-इजराइल र इरानबीचको मध्यपूर्वको द्वन्द्वका कारण मुस्ताङको पर्यटनमा आशिंक असर पुगेको उहाँको बुझाइ छ । बर्सेनि बढ्दो क्रममा पर्यटन आगमन रहेको छ ।

मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ मा अवस्थित पवित्र धार्मिक तीर्थस्थल मुक्तिनाथ मन्दिरको दर्शन गर्ने उद्देश्यले भारतीय र नेपाली पर्यटक मुस्ताङ आउने गर्दछन् । यसका साथै कागबेनीधाममा श्राद्ध र तर्पण गर्ने, कोरला नाका र लोमान्थाङको अवलोकन गर्ने उद्देश्यले मुस्ताङमा पर्यटकको उपस्थित हुने गरेको हो । रासस

# कृषि, पर्यटन, रोजगारी र अर्थतन्त्रमा देखिएका समस्यामा समाधान गर्न सरकारको ध्यानाकर्षण



काठमाण्डु । सांसदहरुले कृषि, पर्यटन, रोजगारी र अर्थतन्त्रमा देखिएका समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । प्रतिनिधिसभाको बिहीबारको बैठकको विशेष समयमा सांसदहरुले वर्खाको समयमा सिँचाइको भरपर्दो व्यवस्था तथा मल, बीउको प्रबन्ध, करको दायरा वृद्धि, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणलागयत विषयमा सरकारको ध्यानाकृष्ट गराए ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद दीपकराज बोहराले जल तथा मौसम विज्ञान विभागको सदरदभन्दा कम वर्षा हुने प्रक्षेपणबाट किसानहरु प्रभावित हुने अवस्था आउनसक्ने भन्दै उक्त चुनौती सम्बोधनका लागि योजना निर्माण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

“खेतमा पानी कम हुनेछ, धान रोपाइँ ढिला हुनेछ, कुलो सुक्नेछ, तराईमा लु चल्नेछ, वनमा डढेलो लाग्नेछ, जनताको भान्छामा प्रत्यक्ष असर पर्नेछ”, उहाँले भन्नुभयो, “नेपालको कृषि आकाशे पानीको भरमा चलिरहेको छ, असार/साउनमा पानी नपरे खेत बाँझै रहनेछ, यसको सिधा असर अर्थतन्त्रमा पर्नेछ, यसतर्फ सरकारको ध्यान जाओस् ।”

ेपाली कांग्रेसका सांसद प्रकाशसिंह कार्कीले करको दर बढाउने मात्रै नभई करको दायरा वृद्धि गरी अर्थतन्त्रलाई फराकिलो बनाउन सुझाव दिनुभयो । उहाँले स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन, विकास निर्माणलाई दिगो बनाउन र पर्यटन प्रवर्द्धन गर्न माग गर्नुभयो ।

रास्वपा सांसद हरि ढकालले जेनजी आन्दोलनका घाइतेको उपचारका लागि कुनै कञ्जुस्याइँ नगर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सीमान्तकृत चेपाङ समुदाय, भूमिहीन किसान तथा सुकुमवासी, श्रमिक, मजदूरका समस्या समाधानमा गम्भीर बन्न सरकारको ध्यानाकृष्ट गर्दै उहाँले सरकारले जनप्रतिनिधिका अगाडि झुट बोल्न नहुने बताउनुभयो ।

सोही पार्टीका सांसद उत्तमप्रसाद पौडेलले डिजिटल माध्यमबाट कर भुक्तानीको व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराउनुभयो । रास्वपा सांसद पारसमणि गेलालले उदयपुर सिमेन्ट उद्योगका श्रमिक र कर्मचारीले १४ महिनादेखि पारिश्रमिक पाउन नसकेको जानकारी गराउँदै सोसम्बन्धी समस्या समाधान गर्न माग गर्नुभयो ।

ास्वपा सांसद आशिका तामाङले मानव-वन्यजन्तु द्वन्द्व कम गर्न तथा बाँदर आतङ्क न्यूनीकरण गर्न अदुवा, बेसारलगायत खेती गर्न किसानलाई प्रेरित गर्नुपर्ने बताउनुभयो । सोही पार्टीका सांसद प्रेमलाल चौधरीले नेपालको चिया भारत निर्यातमा देखिएका समस्या समाधानमा कूटनीतिक प्रयास गर्न सरकारलाई सुझाव दिनुभयो ।

रास्वपा सांसद रवीन्द्र पटेलले मधेस प्रदेशमा कमिसनको आधारमा विकास बजेट बिक्री हुने गरेको जिकिर गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोग र नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरोले तत्काल अनुसन्धान गर्नुपर्ने बताउनुभयो ।

रास्वपा सांसद पुनमकुमारी अग्रवालले रुपन्देहीको बेलहिया-सुनौली नाकामा निर्माणाधीन एकीकृत जाँच चौकीसम्म रेल्वे सुविधाको पहुँचका लागि कूटनीतिक पहल गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । उक्त पार्टीका सांसद अमरकान्त चौधरीले कृषिजन्य उत्पादनको बजारीकरण तथा मलबिउको अभावसँग किसान जुधिरहेको उल्लेख गर्दै किसानका समस्या समाधान गर्न सरकारसँग आग्रह गर्नुभयो । रासस


## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा
## म्याद तामेली सम्बन्धी 30 तिस दिने सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा जि.धनुषा गा.वि.स. बिसरभोरा गा.वि.स.वा.नं.९ हाल शहिदनगर नगरपालिका वा.नं.८ मा बस्ने विपतिया पासमान-१ वादी र ऐ.ऐ. बस्ने राम शरण गोईतको नाति राजदेव गोईत यादवको छोरा अरुण कुमार गोईत प्रतिवादी भई कार्वाहीयुक्त अवस्थामा रहेका मि.नं.१५४२ डा. मि. २०८२/०१/०७ गतेको मोही जग्गा बाँडफाँड मुद्दामा जिल्ला धनुषा बिसरभोरा गा.वि.स. वडा नं.६ को कि.नं.८५० को ०-२-४-० ऐऐ कि.नं.६११ को ०-०-१३-० जग्गाको विपक्षी नाउँमा म्याद वेपत्ते म्याद तामेली भई आएको हुँदा मिति २०८२/०२/२६ गतेमा भएको आदेशानुसार प्रतिवादी जग्गाधनी नाउँको म्याद सरहको ३० तिस दिने सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्न लगाउने भनि भएको आदेशानुसार तपाई ज.ध. को नाउँमा यो म्याद सरहको सूचना प्रकाशित गर्ने कार्य भएको छ । अतः तपाई जग्गा धनीको नाउँमा दर्ता कायम रहेका उल्लेखित तपसिल बमोजिमको कित्ता जग्गा मोही बाँडफाँड गरी पाउँ भनि दावी वेहोराको नालिश दिएको हुँदा निज जग्गा धनी भए निज स्वयम् वा निजको एका संगोल परिवारका नजिकका हकदारहरु कोही रहे भएको भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३० तिस दिन भित्र आफ्नो लिखित जवाफ/प्रतिउत्तर लिई आफैं वा वारेश मुकरर गरी पठाई कानून बमोजिम हाजिर हुन आउनु होला म्याद भित्र नआएमा वा म्याद गुजारी बसेमा कानून बमोजिम जग्गा मोही बाँडफाँड हुनेछ पछि कुनै उजुर बाजुर लाग्ने छैन भनि जानकारीका लागि ३० तिस दिने म्याद सरहको यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा सादर अनुरोध छ ।


**तपसिल**

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|---|
| १. | धनुषा | बिसरभोरा | ६ | ८५० | ०-२-४-० | अरुण कुमार गोईत |

# कांग्रेसले जारी गरे मधेश संकल्प प्रस्ताव

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेस प्रदेशको पहिचान, समावेशी समानुपातिक प्रतिनिधित्व, मधेसको आत्मसम्मान तथा समृद्धिका नेपाली कांग्रेसले ३२ बुँदे मधेस संकल्प जारी गरेको छ। केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले महोत्तरीबाट ३२ बुँदे संकल्प जारी गरेको हो।




बिहीवार जारी गरिएको संकल्प पत्रमा भनिएको छ,''संविधानप्रदत्त नागरिक स्वतन्त्रता, हक र अधिकारलाई संरक्षण गर्दै नागरिकमुखी नीतिमार्फत उत्तरदायी र जवाफदेही सरकारको रूपमा थप प्रभावकारी ढङ्गले कार्य गर्ने।''

त्यस्तै असल शासन, विधि र जबाफदेहितालाई एक-अर्काका परिपूरकका रूपमा लिँदै, विधिमा टेकेर मात्र निर्णयहरू गर्ने मान्यतामा दृढ रहने उल्लेख छ।

संघीय सरकारबाट भइरहेका अलोकतान्त्रिक गतिविधिप्रति चिन्ता व्यक्त गर्दै, संघीय सरकारलाई संविधानको मर्म र भावना, विधि प्रक्रिया, नागरिकको आत्मसम्मान र मानवीयतालाई केन्द्रमा राख्न ध्यानाकर्षण गराउने भनिएको छ।

कांग्रेसको नेतृत्वमा मधेश प्रदेश सरकार र स्थानीय सरकारले सुरु गरेका असल अभ्यास र नवीन सिर्जनात्मक अभियानहरूलाई सूचीबद्ध गरी नागरिक पङ्क्तिमा पुऱ्याउने। एक स्थानीय तहले गरेका असल अभ्यासलाई अन्य स्थानीय तहमा समेत ग्रहण गर्ने उल्लेख छ।

मधेस प्रदेश सरकारको संरचनात्मक रूपान्तरण र व्यवस्थापकीय सुधार गर्न अनावश्यक संरचना खारेज वा समायोजन गरी स्थानीय सरकारबाट गर्न सकिने कार्य स्थानीय सरकारसँगको साझेदारीमार्फत सेवा प्रवाहलाई जनताको घर आँगनमा पुऱ्याउने भनिएको छ।

स्थानीय सरकारबाट प्रदान गर्ने सेवा प्रवाहलाई थप सरलीकृत गर्ने। अपाङ्गता भएका व्यक्ति, अशक्त, ज्येष्ठ नागरिक, गर्भवती, सुत्केरी, दीर्घ रोग भएका नागरिक र अति विपन्न बस्तीमा घर-आँगनमै सेवा दिने प्रयासलाई प्रभावकारी बनाउने। जन्मदर्ता, मृत्युदर्ता, स्वास्थ्य बिमा दर्ता र नवीकरण लगायतका सेवा "अनलाइन वा आँगनबाट" प्रदान गरिने उल्लेख छ।

संवैधानिक व्यवस्था अनुरूप सबै स्थानीय सरकारले असार १० भित्र अनिवार्य रूपमा बजेट सभामा पेस गर्ने। नीति तथा कार्यक्रम अनुसार बजेट तर्जुमा गर्ने। योजना तर्जुमा गर्दा अनिवार्य रूपमा सात चरण पूरा गरेर तथ्यमा आधारित र परिणाममुखी बनाउने। खर्चको मापदण्ड बनाई कार्यविधि बमोजिम मात्र गर्ने। "शून्य बेरुजु स्थानीय तह" का लागि विशेष अग्रसरता लिने भनिएको छ।

# सडक निर्माणमा १ करोड २७ लाख बढी भुक्तानी

**बढी भुक्तानी गरिएका हरेक योजनामा भुक्तानी भएको रकम असुल गर्नुपर्ने निर्देशन दिएको छ । यी विवरण सार्वजनिक भएसँगै विकास निर्माणमा सरकारी रकमको दुरुपयोग भएको आशंका बलियो बनेको छ । प्राविधिक मूल्यांकन, बिल पास प्रक्रिया र अनुगमन संयन्त्रप्रति प्रश्न उठ्न थालेका छन् ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका विभिन्न सडक निर्माण योजनामा ठेकेदार कम्पनीहरूले सम्झौताभन्दा बढी रकम प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्रालयले भुक्तानी गरेको पाइएको छ।

महालेखा परीक्षकको कार्यालयले प्रदेश प्रमुखलाई बुझाएको प्रतिवेदनमा प्रदेशका विभिन्न जिल्लामासडक निर्माण योजनामा ठेकेदार कम्पनीलाई वास्तविक कामभन्दा बढी रकम भुक्तानी गरिएको उल्लेख गरिएको छ । पूर्वाधार विकास कार्यालय, बारा अन्तर्गत सञ्चालित योजनाको परीक्षणका क्रममा लाखौं रुपैयाँ बढी भुक्तानी भएको भनिएको छ।



प्रतिवेदन अनुसार पूर्वाधार विकास कार्यालय, बाराले रानीबास कंकाल्नी सडक निर्माण कार्यको लागि कार्यालय र एक संयुक्त उपक्रमबीच भएको सम्झौता अनुसार निर्माण भई रहेको कार्यको आठौं रनिङ बिल भुक्तानी गर्दा उक्त अवधिसम्मको मूल्याङ्कन रु.२ करोड ३५ लाख ४९ हजारबाट अघिल्लो मितिसम्म भएका कामको मूल्याङ्कन रु.१ करोड ९६ लाख ६५ हजार घटाउदा रु.३८ लाख ८४ हजार भुक्तानी गर्नुपर्नेमा रु.१ करोड ३५ लाख ५० हजार घटाई मूल्य वृद्धि समेत रु.९९ लाख ९९ हजार भुक्तानी गरेको छ।

यस्तै जीतपुर सिमरा-६ मा जनहित समिति सडक निर्माण कार्य गर्न कार्यालय र एक संयुक्त उपक्रमबीच भएको सम्झौता अनुसार निर्माण भई रहेको कार्यको हालसम्मको छैटौं प्राविधिक विलको मूल्याङ्कन रु.५ करोड २८ लाख ९७ हजार रहेकोमा हालसम्म रु.५ करोड ४६ लाख ३८ हजार भुक्तानी भएको देखिएकोले रु.१७ लाख ४१ हजार बढी भुक्तानी भएको छ।

सिम्रौनगढ झरोखेत पोखरी पटेर्वा हुलाकी रोडसम्मको सडक निर्माण कार्यको लागि एक निर्माण व्यवसायीसँग सम्झौता गरेकोमा निर्माण व्यवसायीले छैटौं रनिङ विल अनुसारको प्राविधिक मूल्याङ्कन रु.३ करोड ११ लाख ६४ हजार भएकोमा २०८१।३।२४ मा रु.३ करोड ४ लाख भुक्तानी भएको छ। उक्त विलको भुक्तानी गर्न बाँकी रु.७ लाख ८४ हजार देखिन्छ । उक्त छैटौं बिलको छुट भुक्तानी भनी २०८१।३।२४ मा कर, पेस्की र धरौटी कट्टी नगरी रु.३८ लाख ६८ हजार र २०८१।११।२५ मा रु.७ लाख ६४ हजार थप भुक्तानी गरेको छ।

पूर्वाधार विकास कार्यालय, पर्साले सबैठवा देखि भेडिघरी हरिपुर हुँदै गण्डक नहरसम्म सडक निर्माण कार्यको चेनेज नं. १००० देखि चेनेज नं. १+१५३ सम्म प्राइम कोट तथा ट्याक कोटको काम नभएकोमा ४७.६६ घनमिटर बढी कालोपत्रेको नापी गरी भुक्तानी गरेको छ। प्राइम कोट तथा ट्याक कोटको काम नहुँदै अस्फाल्ट कंक्रिटको परिमाण ४७.६६ घनमिटरको भुक्तानी गरेकोले रु.९ लाख १५ हजार भुक्तानी गरेको रकम यकिन गर्नुपर्ने भनेको छ।

बढी भुक्तानी गरिएका हरेक योजनामा भुक्तानी भएको रकम असुल गर्नुपर्ने निर्देशन दिएको छ। यी विवरण सार्वजनिक भएसँगै विकास निर्माणमा सरकारी रकमको दुरुपयोग भएको आशंका बलियो बनेको छ। प्राविधिक मूल्यांकन, बिल पास प्रक्रिया र अनुगमन संयन्त्रप्रति प्रश्न उठ्न थालेका छन्।

स्थानीय तहदेखि प्रदेश सरकारसम्म अब यस्ता योजनामा कडाइका साथ छानबिन हुनुपर्ने माग उठ्न थालेको छ । विशेषज्ञहरूका अनुसार "कामभन्दा बढी भुक्तानी" हुनु सामान्य त्रुटि मात्र नभई राज्यकोषमा प्रत्यक्ष क्षति पुऱ्याउने गम्भीर विषय हो। अब सम्बन्धित कर्मचारी, प्राविधिक र निर्माण व्यवसायीमाथि जिम्मेवारी तोकिने कि नतोकिने भन्ने चासो बढेको छ।

# वीरगञ्जमा बढ्यो चोरीको घटना

**टुडे समाचारदाता**

वीरगञ्ज । पछिल्लो समय पर्सा जिल्लामा चोरीका घटना तीव्र रुपमा बढेको छ। विशेषगरी सुनचाँदीका गरगहना लक्षित गर्दै सक्रिय भएको पेशेवर चोर गिरोहले गाउँदेखि शहरसम्म आतंक मच्चाउन थालेपछि प्रहरी प्रशासनमाथि सुरक्षा चुनौती थपिएको छ।



बिरगन्जको श्रीसिया, भिस्वा लगायत विभिन्न क्षेत्रमा छठ पर्वयता सुनचाँदी तथा नगद चोरीका घटना निरन्तर भइरहे पनि अधिकांश घटनामा संलग्न गिरोह पक्राउ नपर्दा पर्सा प्रहरीको कार्यक्षमतामाथि समेत प्रश्न उठ्न थालेको छ। चोरीका घटनाले व्यापारी, व्यवसायी तथा स्थानीयवासी चिन्तित बनेका छन् भने गाउँघरमा समेत राति पहरा बस्ने अवस्था सिर्जना हुन थालेको छ।

यसैबीच, पर्साको बहुदरमाई नगरपालिका-९ विश्रामपुरमा मंगलबार राति भएको ठूलो चोरीको घटनाले जिल्लाभर सनसनी फैलाएको छ । स्थानीय चार दाजुभाइको घरबाट झन्डै डेढ करोड रुपैयाँ बराबरका सुनचाँदीका गरगहना चोरी भएपछि गाउँभर त्रास फैलिएको हो।

पीडित परिवारका अनुसार नन्दलाल पटेल, बृजेश पटेल, नन्दकिशोर पटेल र राजकिशोर पटेलको संयुक्त घरबाट करिब २८ तोला सुन तथा डेढ किलोभन्दा बढी चाँदीका गरगहना चोरी भएको छ। चोरी भएका गहनाको अनुमानित मूल्य झन्डै डेढ करोड रुपैयाँ बराबर रहेको परिवारले जनाएको छ। घटनाबारे जानकारी पाएपछि इलाका प्रहरी कार्यालय पोखरियाको टोली घटनास्थल पुगेको थियो। प्रहरीले प्रारम्भिक अनुसन्धान सुरु गर्दै क्षतिको विस्तृत विवरण सङ्कलन गरिरहेको जनाएको छ । प्रहरीका अनुसार घटनास्थलको निरीक्षण गरी चोरीमा संलग्न व्यक्तिहरूको खोजी कार्य तीव्र बनाइएको छ।

पीडित परिवारका सदस्यका अनुसार घरमा हाल प्लास्टरको काम भइरहेकाले चारै दाजुभाइका गहना सुरक्षाका लागि अस्थायीरूपमा एउटै दराजमा राखिएको थियो । उक्त दराज भुइँतलाको कोठामा राखिएको थियो भने परिवारका सदस्यहरू माथिल्लो तलामा सुतिरहेका थिए।

पीडित नन्दकिशोर पटेलका अनुसार चोरहरूले अत्यन्त योजनाबद्ध ढंगले चोरी गरेका थिए। उनले बताए अनुसार चोरी गर्नुअघि चोरहरूले कोठाको ढोकामा बाहिरबाट चुकुल लगाइदिएका थिए, जसका कारण घरभित्र रहेका सदस्यहरू रातभर बाहिर निस्कन सकेनन्।

"बिहान करिब ३ बजे उठेर बाहिर निस्कन खोज्दा ढोका बाहिरबाट बन्द गरिएको रहेछ," उनले भने, "पछि तल सुतिरहेका भाइलाई फोन गरेर बोलायौं। ढोका खोल्दा दराज फुटाइएको र सबै गहना चोरी भएको थाहा भयो।"

स्थानीयवासीका अनुसार पछिल्लो समय गाउँमा अपरिचित व्यक्तिहरूको गतिविधि बढ्दै गएको थियो । तर सुरक्षाको प्रभावकारी व्यवस्था नहुँदा चोरीका घटना नियन्त्रण बाहिर जान थालेको उनीहरूको गुनासो छ । गाउँका बासिन्दाले रातिको गस्ती कमजोर भएको आरोप लगाउँदै प्रहरी प्रशासनसँग सुरक्षा व्यवस्था कडा बनाउन माग गरेका छन्।

स्थानीय बुद्धिजीवीहरूले चोरीका घटनामा संगठित गिरोह सक्रिय रहेको आशंका व्यक्त गरेका छन् । उनीहरूका अनुसार घटनाको शैली, समय छनोट तथा योजनाबद्ध तरिकाले गरिएको चोरीले पेशेवर गिरोहको संलग्नता देखाउँछ । यस्ता गिरोहलाई नियन्त्रण गर्न प्रहरीको गुप्तचर संयन्त्र प्रभावकारी बनाउनुपर्ने उनीहरूको सुझाव छ।

पर्सा प्रहरीले भने चोरीका घटनालाई गम्भीरतापूर्वक लिएको जनाएको छ । प्रहरी स्रोतका अनुसार जिल्लाका विभिन्न क्षेत्रमा रातिको गस्ती बढाइएको छ भने शंकास्पद व्यक्तिहरूमाथि निगरानी पनि कडा पारिएको छ। विश्रामपुर चोरी प्रकरणमा संलग्न व्यक्तिहरूको पहिचान गरी चाँडै पक्राउ गरिने प्रहरीले दाबी गरेको छ।

# उत्खनन् रोक्न माग गर्दै प्रदर्शन

**टुडे समाचारदाता**

जनकपुरधाम। अवैध रुपमा भइरहेको ग्राभेल उत्खन्न रोक्न माग गर्दै धनुषाको पूर्वपश्चिम राजमार्ग ढल्केवर स्थित मिथिला नगरपालिकाको कार्यालय अगाड स्थानीयले विरोध प्रदर्शन गरेका छन्।



बिहीवार नगरपालिकाको वडा नम्बर ९ स्थित बडहरी खोलाबाट भइरहेको ग्राभेल अवैध उत्खनन रोक्न माग गर्दै स्थानीयले माग नगर कार्यपालिकाको कार्यालय अगाडि प्रदर्शन गरेका हुन्।

नगरपालिकाको कार्यालय अगाडि टायर बालेर नाराबाजी गर्दै गरिएको प्रदर्शनले राजमार्ग केही बेर अवरुद्ध समेत भएको थियो ।सडक अवरुद्धले आवागमन समेत रोकिएपछि प्रहरीले सम्झाई बुझाई सडक खोल्न लगाएका थिए।

प्रदर्शनकारीहरुले खोलाबाट जथाभावी र अवैध रुपले ग्राभेल उत्खनन हुँदा नदी आसपासका खेतीयोग्य जमिन भासिने जोखिम बढेको र उत्खननले खोलामा बनेको खाडलमा बालबालिका डुब्ने जोखिम समेत बढेकाले तत्काल रोक्न माग गरेका थिए। नगरपालिकाले नगर क्षेत्रस्थित बडहरी, बसही, औरही, जलाधार र रातु खोला गरी ६ वटा खोला ग्राभेल उत्खननका लागि काठमाडौँस्थित नेरिसा कन्ट्रक्सन कम्पनी प्रालिलाई तीन करोड पाँच लाख ६२ हजार २७३ रुपियाँमा ठेक्का दिएको छ । ती ठेकेदारहरुले अवैध उत्खन्न गरिरहेको स्थानीयको आरोप छ। स्थानीयले माग पूरा नभएसम्म आन्दोलनलाई थप सशक्त बनाउने चेतावनी समेत दिएका छन्।

स्थानीयको विरोधपछि मिथिला नगरपालिकाका मेयर महेन्द्र महतोले स्थानीयको माग सम्बोधन गर्न आवश्यक प्रक्रिया अघि बढाइने जानकारी दिएका छन् । उनले भने सबभन्दा पहिला अवैध क्रसर बन्द गरिनुपरयो, त्यो कसले हामीले गर्ने हो प्रशासनले । जहाँसम्म नगरपालिकाले लगाएको ठेक्कामा अवैध वा मापदण्ड विपरित उत्खन्न भएको छ भने त्यसको अनुगमन गरी दोषी पाइएको खण्डमा कारवाही प्रक्रिया अघि बढाइने छ।

उनले थप्दै भने ठेक्का नलगाएको अवस्थामा पनि त अवैध क्रसर संचालन र चोरी निकासी भई थियो । त्यसलाई नियन्त्रण र व्यवस्थित गर्ने उद्देश्यले कार्यपालिकाको बैठकको निर्णय अनुसार ठेक्का लगाइएको हो । यदि ती ठेकेदारले मापदण्ड वा सम्झौता विपरित कार्य गरेको छानबीनबाट ठहर भएभने ठेक्का तोड्ने मात्र होइन कि कारवाही प्रक्रिया समेत अघि बढाइने छ।

# विद्यालय भवन उद्घाटन

**टुडे समाचारदाता**

राजविराज । भारत सरकारको सहयोगमा सप्तरीमा तीनतले विद्यालय भवन निर्माण भएको छ । जिल्लाको सुरुङ्गा नगरपालिका-१ शिशुवारीस्थित श्री जनता माध्यमिक विद्यालयमा भारत सरकारको अनुदान सहयोगमा उक्त भवन निर्माण गरिएको हो।




भारत सरकारको सहयोगमा करिब साढे दुई करोड रुपियाँमा बनेको नवनिर्मित भवनको एक समारोहबिच उद्घाटन गरिएको छ । वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासका दूत देवीसहाय मीनाले भवनको उद्घाटन गरेको हो।

सो अवसरमा उनले भारत सरकारको उच्च प्रभाव सामुदायिक विकास परियोजना अन्तर्गत भवन निर्माण सम्पन्न भएको बताउँदै नेपाल-भारत विकास साझेदारीले शिक्षा क्षेत्रको पूर्वाधार विकासमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको उल्लेख गरे।

कुल दुई करोड ८४ लाख ३२ हजार ३०१ रुपियाँ लागतमा निर्माण गरिएको भवनमध्ये दुई करोड २७ लाख ४५ हजार ८४१ रुपियाँ भारत सरकारले अनुदानस्वरूप उपलब्ध गराएको हो । बाँकी ५६ लाख ८६ हजार ४६० रुपियाँ सुरुङ्गा नगरपालिकाले व्यहोरेको बताइएको छ।

तीनतले नवनिर्मित भवनमा अतिरिक्त कक्षाकोठा, पुस्तकालय, बैठक कक्ष, शौचालय, कम्पाउन्डवाललगायत आवश्यक पूर्वाधार समेटिएका छन्। यसले विद्यार्थीलाई गुणस्तरीय शिक्षाका लागि सुरक्षित तथा सुविधासम्पन्न वातावरण उपलब्ध गराउने सुरुङ्गा नगरपालिका प्रमुख गीता चौधरीले बताए।

वाणिज्य दूत मीनाले मधेश प्रदेशमा हालसम्म भारत सरकारद्वारा ८७ वटा परियोजना स्वीकृत भएको जानकारी दिएका छन् । तीमध्ये ६२ वटा सम्पन्न भइसकेका छन् भने २५ वटा निर्माणाधीन अवस्थामा रहेको छ भने स्वीकृत परियोजनामध्ये ५४ वटा शिक्षा, ७ स्वास्थ्य, ८ सडक तथा पुल, १ नदी नियन्त्रण, २ सिँचाइ, ३ संस्कृति, ५ विद्युतीकरण र ९ अन्य क्षेत्रका रहेको जनाइएको छ।

सप्तरी जिल्लामा मात्रै ९ वटा परियोजना स्वीकृत भएकामा ७ वटा सम्पन्न भइसकेका छन् भने २ वटा निर्माणाधीन छन्। यसैगरी मधेस प्रदेशमा हालसम्म २३२ वटा एम्बुलेन्स र ४० वटा विद्यालय बस सहयोगस्वरूप प्रदान गरिएकोमा सप्तरी जिल्लाले मात्रै २६ वटा एम्बुलेन्स र ४० वटा विद्यालय बस प्राप्त गरेको जानकारी दिइएको छ।

# हस्ताक्षर अभियान शुरु



**टुडे समाचारदाता**

वीरगञ्ज । सरकारी सूचना तथा विज्ञापन राज्य नियन्त्रित सञ्चारमाध्यमलाई मात्र दिने सरकारी निर्णयको विरोधमा नेपाल पत्रकार महासंघ पर्सा शाखाले सप्ताहव्यापी हस्ताक्षर अभियान सुरु गरेको छ।

वीरगञ्जस्थित मुरली बगैचामा रहेको पत्रकार महासंघको भवनमा सुरु गरिएको अभियानमा जिल्लाका विभिन्न सञ्चारमाध्यममा आबद्ध सञ्चारकर्मीहरूले हस्ताक्षर गर्दै सरकारको निर्णयप्रति असन्तुष्टि जनाउँदैछन्।

सहभागी पत्रकारहरूले उक्त निर्णयले निजी तथा स्वतन्त्र सञ्चारमाध्यमलाई कमजोर बनाउने, प्रेस स्वतन्त्रतामाथि असर पार्ने तथा सञ्चार क्षेत्रमा असमानता सिर्जना गर्ने बताएका छन्।

अभियान उद्घाटन कार्यक्रममा वक्ताहरूले लोकतान्त्रिक व्यवस्थामा स्वतन्त्र प्रेसको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्दै सञ्चारमाध्यममाथि विभेद गर्ने कुनै पनि नीति स्वीकार्य नहुने धारणा राखेका थिए। उनीहरूले सरकारी विज्ञापन वितरणसम्बन्धी निर्णय तत्काल फिर्ता लिन सरकारसँग मागसमेत गरेका छन्।

महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि भइरहेको संकुचनविरुद्ध पत्रकार, सञ्चारकर्मी तथा आम नागरिकलाई हस्ताक्षर अभियानमा सहभागी भई खबरदारी गर्न आह्वान गरेको छ। ओमप्रकाश खनाल को अध्यक्षतामा सम्पन्न कार्यक्रममा श्याम बन्जारा, अनुप तिवारी, निरज पिठाकोटे मगरलगायत पत्रकारहरूको उपस्थिति रहेको थियो।

महासंघका अनुसार हस्ताक्षर अभियान केही दिनसम्म सञ्चालन गरिनेछ र संकलित हस्ताक्षर सरकारसमक्ष बुझाइने कार्यक्रम रहेको छ।

सगरमाथाको संरक्षण गरौं, प्राकृतिक सम्पदा जोगाऔं।

- नेपालमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरवमा गर्व गरौं,
- हिमाली क्षेत्रको वातावरणीय सन्तुलन कायम राखौं,
- फोहोर व्यवस्थापनमा सचेत भई सफा हिमाल अभियनमा सहभागी बनौं,
- जलवायु परिवर्तनका असर न्यूनीकरणमा योगदान गरौं,
- पर्वतारोहणलाई सुरक्षित, मर्यादित र दिगो बनाऔं,
- जैविक विधिना र हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गरौं,
- सगरमाथा क्षेत्रलाई विश्वकै नमूना पर्यटकीय गन्तव्य बनाऔं।

हिमाल हाम्रो पहिचान र गौरवको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८